मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

● वर्ष ४ ● अंक १४८ ● २०८३ साल वैशाख ०४ गते शुक्रबार ● Friday 17, April 2026 ● सूर्योदय: बिहान ०५:३९ बजे ● सूर्यास्त: साँझ ०६:३० बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

मदिरा पार्टीपछि पूर्ववडाध्यक्षको शंकास्पद मृत्यु



मधेशदृष्टि
जनकपुरधाम।
धनुषाको गणेशमान चारनाथ नगरपालिका–९ स्थित कमला सिँचाइ आयोजनाको पूर्वी नहर नजिकै रहेको तीन नम्बर पुलमा पूर्ववडाध्यक्ष प्रदीप महतो मृत अवस्थामा फेला परेको घटना रहस्मय बनेको छ । प्रारम्भिक रूपमा दुर्घटना जस्तो देखिएको घटना हत्या आशंकातर्फ मोडिएर अनुसन्धान थालिएको हो । जिल्ला प्रहरी कार्यालय

बाँकी पृष्ठ २ मा

सङ्घीयता कार्यान्वयनका जटिलता सुल्झाउन प्रधानमन्त्रीलाई मुख्यमन्त्रीहरूको अनुरोध



काठमाडौँ।
सङ्घीयता कार्यान्वयनका जटिलता सुल्झाउने उद्देश्यले प्रधानमन्त्री वालेन्द्र शाहले बिहीबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रदेशका मुख्यमन्त्रीहरूसँग करिब तीन घण्टा छलफल गरेका छन्।
छलफलक्रममा
मुख्यमन्त्रीहरूले प्रदेशगत रुपमा आफ्ना समस्या राखेका थिए । प्रधानमन्त्री शाहले कुनै पनि विषयमा मुख्यमन्त्रीको जिज्ञासा सुन्ने बित्तिकै थप स्पष्ट पार्न र समाधानका विकल्पबारे अन्तरक्रियात्मक शैलीमा छलफल गरे।
प्रधानमन्त्री शाहले मुख्यमन्त्रीहरूका समस्याबारे कतिपय प्राविधिक र व्यावहारिक समस्यालाई तत्काल समाधान गर्ने उपायसमेत सुझाए । नीतिगत जटिलताहरु फुकाउन सङ्घ र प्रदेशको साझा संयन्त्रमार्फत तुरुन्त काम सुरु गर्ने प्रतिबद्धता जनाउँदै उनले भने, 'सङ्घ र प्रदेशबीचका हरेक अप्ठ्यारा सुल्झाउन मेरो नेतृत्वको सरकार सदैव तयार छ । त्यसैले तपाईंहरुलाई छलफलका लागि मैले राजधानी बोलाएको हुँ।'
साथै, प्रधानमन्त्री शाहले प्रदेश सरकार आफैँले तत्काल गर्नसक्ने सुधारहरू ढिला नगरी अघि बढाउन समेत आग्रह गरे।
मुख्यमन्त्रीहरु उत्साहित
प्रधानमन्त्रीसँगको
अन्तरक्रियात्मक र सौहार्द व्यवहारसहित भएको छलफलबाट मुख्यमन्त्रीहरु उत्साहित देखिएका छन् ।सोचेभन्दा बिल्कुलै फरक र सकारात्मक छलफल भएको छलफलपश्चात उनीहरुले प्रतिक्रिया दिए।
गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले भने, 'प्रधानमन्त्री शाहसँगको पहिलो भेट नै धेरै पुराना साथीहरूबीचको संवाद जस्तै सौहार्द र मित्रतापूर्ण रह्यो । उहाँले हाम्रा कुरा गम्भीरतापूर्वक सुन्नुभयो र बीचबीचमा जिज्ञासा राखेर विषयलाई अझ प्रष्ट पार्नुभयो ।' पाण्डेले प्रधानमन्त्रीसँग स्थानीय तहको नेतृत्व गरिसकेको अनुभवले गर्दा प्रदेशका समस्या बुझ्न सजिलो भएको देखिएकाले आगामी दिनमा सङ्घीयता कार्यान्वयनले सहजता प्राप्त गर्नेमा आशावादी रहेको उल्लेख गरे।
बागमती प्रदेश सरकारका मुख्यमन्त्री इन्द्र बानियाँले पनि प्रधानमन्त्रीको व्यक्तित्वले छलफललाई सहज बनाएको टिप्पणी गरे । 'मैले उहाँकाबारेमा जे सुनेको थिएँ, त्यो होइन रहेछ । प्रधानमन्त्री कम बोल्नुहुन्छ, अरुको कुरा पनि सुन्नुहुन्छ भन्ने सुनिन्थ्यो, तर उहाँले त पर्याप्त समय दिएर हाम्रा कुरा सुन्नुभयो, र आफ्नो कुरा राख्नुभयो,' उनले भने, 'उहाँले आवश्यक सहजीकरणका लागि आजै आफ्नो कार्यालयमार्फत निर्देशन समेत दिनुभएकोमा खुसी लागेको छ।'
त्यसैगरी, लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रधानमन्त्रीले संविधानको मर्मअनुसार तीन तहका सरकारबीचको समन्वय, सहकार्य र सहअस्तित्वको भावनालाई गहिरोसँग आत्मसात् गरेको महसुस गरेको प्रतिक्रिया दिए ।
मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादव र कर्णालीका यामलाल कँडेलले अन्य मुख्यमन्त्रीहरुको प्रतिक्रियामा सहमति जनाए।
छलफलमा मुख्यमन्त्रीहरु बागती प्रदेशका इन्द्रबहादुर बानियाँ, लुम्बिनीका चेतनारायण आचार्य, गण्डकीका सुरेन्द्रराज पाण्डे, कर्णालीका यामलाल कँडेल र मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवको उपस्थिति थियो। कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्की भने पारिवारिक कारण र सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाह भने स्वास्थ्य समस्याका कारण सहभागी भएनन्।

भन्सार गेट तथा राजमार्गमा लगाइएको सवारी कर खारेजी माग

मधेशदृष्टि
वीरगंज।
वीरगंज भन्सार कार्यालयको मुलगेट लगायत राजमार्ग तथा सहायक राजमार्गहरूमा स्थानीय तहबाट उठाइँदै आएको गैरकानूनी सवारी कर तत्काल अन्त्य गर्न वीरगंज उद्योग वाणिज्य सङ्घले सरकारसँग माग गरेको छ । सङ्घका अध्यक्ष हरि प्रसाद गौतमद्वारा जारी प्रेस विज्ञप्तिमा स्थानीय सरकारले वर्षौंदेखि भारतीय गाडी सहित विभिन्न सवारी साधनहरूबाट गैरकानूनी रूपमा सवारी कर उठाउँदै आएको उल्लेख गरिएको छ । गत फाल्गुनमा सम्पन्न निर्वाचनपछि गठन भएको नयाँ सरकारले उक्त कर हटाउन पहल गरेको प्रति सङ्घले स्वागत समेत गरेको छ । संघीय सरकारको प्रयासका बाबजुद पनि स्थानीय सरकारले सवारी कर अशुल गर्न नछोडेको हुँदा स्थानीय सरकार र प्रशासनबीच समन्वय हुन नसकेको अनुभूति भइरहेको विज्ञप्तिमा उल्लेख छ । सङ्घले यस्तो गैरकानूनी कार्य तत्काल रोक्न सरकारका सबै सम्बन्धित निकायसँग प्रभावकारी पहल गर्न आग्रह गरेको छ । यस विषयमा केही दिन पहिले पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालको नेतृत्वमा गएको अनुगमन टोलीले जिल्लाका विभिन्न १३ स्थानका ढाटहरूबाट कबाडी कर र सवारी करका रसिदका ठेलीहरू नियन्त्रणमा लिएको थियो । राजमार्गमा कुनै किसिमको अवैध असुली नगर्न सम्बन्धित पक्षलाई प्रजिअ दाहालले कडा चेतावनी दिएको छ।

जनकपुरधाममा जानकी जन्ममहोत्सवको तयारी



मधेशदृष्टि
जनकपुरधाम।
प्राचीन धार्मिक नगरी जनकपुरधामस्थित जानकी मन्दिरमा यस वर्ष पनि जानकी जन्म महामहोत्सव २०८३ भव्य रूपमा मनाइने भएको छ। वैशाख ५ गतेदेखि १२ गतेसम्म सञ्चालन हुने महोत्सवलाई धार्मिक आस्था, सांस्कृतिक परम्परा र सामाजिक सद्भावको महत्वपूर्ण उत्सवका रूपमा हेरिएको छ।
मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णवका अनुसार यो पर्व केवल धार्मिक अनुष्ठानमा सीमित नभई मिथिलाको मौलिक संस्कृति र पहिचान झल्काउने अवसर पनि हो । उनले श्रद्धालुहरूलाई परिवारसहित सहभागी भई पुण्य लाभ लिन आग्रह गरेका छन्।
महोत्सव अवधिभर प्रत्येक दिन अपराह्न ४ बजेदेखि मन्दिर प्राङ्गणमा श्रीरामकथा वाचन गरिनेछ भने साँझ ७ बजेदेखि गर्भगृहमा जन्म बधाई गान तथा सांस्कृतिक कार्यक्रम सञ्चालन हुनेछन्। यी कार्यक्रमहरूमा स्वदेश तथा विदेशबाट आएका श्रद्धालुहरूको उल्लेखनीय सहभागिता रहने अपेक्षा गरिएको छ ।युवापुस्तालाई परम्परा र संस्कृतिसँग जोड्ने उद्देश्यले सांस्कृतिक कार्यक्रमहरूमा उनीहरूको सक्रिय सहभागितालाई विशेष प्राथमिकता दिइएको आयोजक पक्षले जनाएको छ । महोत्सव अवधिभर अखण्ड रामायण पाठसमेत निरन्तर सञ्चालन हुने छ, जसले भक्तजनलाई आध्यात्मिक अनुभूति प्रदान गर्ने विश्वास गरिएको छ।
वैशाख १२ गते मुख्य दिनका रूपमा विशेष कार्यक्रमहरू आयोजना गरिनेछन् । बिहान ५:३० बजेदेखि दुधमतीमा शाही स्नानका लागि भव्य शोभायात्रा जानकी घाटतर्फ प्रस्थान गर्नेछ । त्यसपछि दिउँसो १२ बजे जन्म आरती तथा बधाई गान हुनेछ।
सोही दिन अपराह्न ४ बजेदेखि जानकी मन्दिरबाट डोला शोभायात्रा निकालिनेछ, जसमा परम्परागत बाजागाजा, झाँकी र धार्मिक प्रस्तुतीहरूले विशेष आकर्षण थप्नेछन्। साँझ ७:३० बजेदेखि विशेष आरती तथा दीपोत्सवले महोत्सवलाई भव्य समापनतर्फ लैजानेछ।
आयोजकका अनुसार महोत्सवलाई व्यवस्थित बनाउन सुरक्षा, सरसफाइ, यातायात व्यवस्थापन तथा श्रद्धालुहरूको सहजताका लागि आवश्यक तयारी तीव्र पारिएको छ । स्थानीयवासीहरूमा पनि महोत्सवप्रति उच्च उत्साह देखिएको छ, र यस्ता पर्वहरूले मिथिलाको सांस्कृतिक सम्पदाको संरक्षण तथा प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ।

शहीदनगरमा करार कर्मचारी भर्ना विवाद

मधेशदृष्टि
जनकपुरधाम।
संघीय राजधानी काठमाडौँमा मेयर बालेन शाह नेतृत्वको सरकारले करार तथा ज्यालादारी कर्मचारी भर्नामा कडाइ गर्ने नीति अघि सारेको सन्दर्भमा धनुषाको शहीदनगर नगरपालिकामा भने ठूलो संख्यामा करार कर्मचारी भर्ना प्रक्रिया सुरु गरिएपछि विवाद चुलिएको छ । संघीय सरकारको नयाँ नीतिसँग बाझिने गरी नगरपालिकाले अन्तिम कार्यकालमा दर्जनौँ पदमा विज्ञापन निकालेपछि स्थानीय तहको निर्णयप्रति प्रश्न उठ्न थालेका छन्।
नगरपालिकाले कार्यकाल सकिन लागेका बेला ३४ भन्दा बढी पदमा करार नियुक्तिका लागि विज्ञापन सार्वजनिक गरेको तथ्य बाहिर आएको छ । यसले एकातर्फ संघीय सरकारको खर्च नियन्त्रण र दरबन्दी व्यवस्थापनसम्बन्धी नीति, अर्कोतर्फ स्थानीय तहको व्यवहारबीच स्पष्ट असन्तुलन देखाएको सरोकारवालाहरू बताउँछन्।
यसैबीच, सामान्य प्रशासन मन्त्रालयबाट खटाइएका प्रमुख प्रशासकीय अधिकृतलाई पन्छाएर आयुर्वेद शाखाका कर्मचारी अनिल कुमार झालाई निमित्त प्रमुख प्रशासकीय अधिकृत बनाइएको र सोही नेतृत्वमा कर्मचारी भर्ना अघि बढाइएको आरोप पनि लागेको छ । यसले निर्णय प्रक्रियाको वैधता र पारदर्शितामाथि थप शंका उत्पन्न गरेको छ।
स्थानीय स्रोतहरूका अनुसार नगर प्रहरीदेखि कम्प्युटर अपरेटरसम्मका पदहरूमा जनप्रतिनिधिहरूबीच आन्तरिक भागबन्डा भएको दाबी गरिएको छ । विशेषगरी वडास्तरमा सिफारिसका आधारमा नियुक्ति गर्ने समझदारी भएको आरोप सार्वजनिक भए पनि नगरपालिकाले औपचारिक रूपमा त्यसको पुष्टि गरेको छैन।
आरोपबीच निमित्त प्रमुख प्रशासकीय अधिकृत अनिल कुमार झाले भने कर्मचारी अभावका कारण विज्ञापन गर्नुपरेको बताएका छन्। उनका अनुसार सेवा प्रवाह प्रभावकारी बनाउन नगर प्रहरीसहित आवश्यक जनशक्ति पूर्ति अपरिहार्य भएको हो। साथै, केही प्रक्रिया अघिल्लो कार्यकालमै सुरु भएको उल्लेख गर्दै उनले संघीय सरकारले रोक लगाउने निर्णय गरेमा आफूहरू प्रक्रिया स्थगित गर्न तयार रहेको स्पष्ट पारे।
नगरपालिकाले माघ १० गते ९ जना नगर प्रहरीका लागि पहिलो विज्ञापन निकालेको थियो । त्यसपछि चैत ३ गते शिक्षक, लेखापाल, बाल विकास सहयोगी र कार्यालय सहयोगीसहित २२ पदमा आवेदन माग गरिएको थियो । पुनः चैत १२ गते कम्प्युटर अपरेटर, सवारी चालक, मेस्त्रीलगायत १४ पदका लागि अर्को विज्ञापन प्रकाशित गरिएको देखिन्छ।
नगर प्रहरी भर्नाको पहिलो चरणको शारीरिक परीक्षणपछि १७ जना उम्मेदवार सफल घोषित भइसकेका छन्। तीमध्ये केही उम्मेदवार नगर प्रमुखकै वडासँग सम्बन्धित रहेको दाबीले थप विवाद सिर्जना गरेको छ । त्यस्तै, कम्प्युटर अपरेटरहरूलाई सम्बन्धित वडामा नै सिफारिसका आधारमा नियुक्त गर्ने आन्तरिक सहमति भएको चर्चा पनि छ।
हालै संघीय सरकारले स्वीकृत दरबन्दीभन्दा बाहिर गएर अस्थायी वा करार कर्मचारी भर्ना नगर्न निर्देशन जारी गरेको छ । राज्यकोषमा अनावश्यक आर्थिक भार कम गर्ने उद्देश्यसहित ल्याइएको नीति विपरीत शहीदनगरको निर्णय गएको भन्दै आलोचना भइरहेको छ।
स्थानीय तहको कार्यकाल अब करिब एक वर्ष मात्र बाँकी रहँदा र आगामी २०८४ जेठभित्र निर्वाचन गर्नुपर्ने संवैधानिक बाध्यताबीच यस्तो भर्ना प्रक्रिया अघि बढाइएको विषयलाई थप संवेदनशील रूपमा हेरिएको छ । निर्वाचन आचारसंहिता लागू हुनुअघि नै कर्मचारी नियुक्ति गरेर दीर्घकालीन प्रभाव पार्ने प्रयास भएको आशंका पनि व्यक्त हुन थालेको छ।
यस घटनाले स्थानीय सरकारको पारदर्शिता, संघीय नीतिसँगको समन्वय र जनप्रतिनिधिहरूको जवाफदेहितामाथि पुनः बहस सिर्जना गरेको छ। अब यो विषयमा सम्बन्धित निकायको ध्यानाकर्षण हुने कि नहुने भन्ने चासो सर्वत्र बढेको छ।

सेवाग्राहीलाई सेवा सहज बनाउन सांसद झाको पहल



मधेशदृष्टि
जनकपुरधाम।
धनुषामा सरकारी सेवा लिन आउने नागरिकहरूको समस्या सहज रूपमा समाधान गर्ने उद्देश्यले प्रतिनिधि सभा सदस्य मनिष झाले नयाँ सहजीकरण पहल सुरु गरेका छन् । जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा सेवाग्राहीले भोग्दै आएका झन्झट घटाउने लक्ष्यसहित यो कार्यक्रम सञ्चालनमा ल्याइएको हो । धनुषा–३ बाट निर्वाचित सांसद झाले जनप्रतिनिधिको भूमिकालाई व्यवहारमा उतार्दै सम्बन्धित कार्यालयमै पुगेर नागरिकका गुनासा प्रत्यक्ष सुन्ने र समाधानका लागि तत्काल समन्वय गर्ने अभ्यास थालेका छन् । यसले सेवाग्राही र सेवाप्रदायकबीचको दूरी घटाउने अपेक्षा गरिएको छ।
कार्यक्रमअनुसार प्रत्येक महिनाको पहिलो सातामा जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा सहजीकरण गरिनेछ । यस क्रममा नागरिकता, राहदानी, शान्ति–सुरक्षा, निवेदन दर्तालगायतका सेवामा देखिएका समस्या सेवाग्राहीहरूले प्रत्यक्ष रूपमा राख्न सक्नेछन्।
सांसद झाले सेवा प्रवाहमा पारदर्शिता, छिटोपन र जवाफदेहिता सुनिश्चित गर्न यस्तो पहल आवश्यक भएको बताए । उनका अनुसार सरकारी कार्यालयमा हुने ढिलासुस्ती, प्रक्रियागत जटिलता र सूचनाको अभावका कारण नागरिकले सास्ती खेप्नुपरेको गुनासो व्यापक छ । यसैबीच, जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयका प्रमुखहरूले पनि उक्त पहललाई सकारात्मक रूपमा लिएका छन् । सेवाग्राहीसँग प्रत्यक्ष संवाद हुँदा समस्या पहिचान गर्न र समाधानका उपाय खोज्न सहज हुने उनीहरूको भनाइ छ । विशेषगरी ग्रामीण क्षेत्रबाट सेवा लिन आउने नागरिकहरू समय, खर्च र जटिल प्रक्रियाका कारण प्रभावित हुने गरेका छन् । यस्तो अवस्थामा जनप्रतिनिधिको प्रत्यक्ष उपस्थितिले सेवा पहुँच सहज बनाउने विश्वास गरिएको छ । सांसद झाले आगामी दिनमा यस अभियानलाई थप विस्तार गर्दै अन्य सरकारी निकायहरूमा समेत लागू गर्ने योजना रहेको बताए। साथै, संकलित गुनासा र सुझावलाई नीति निर्माण तहसम्म पुऱ्याउने प्रतिबद्धता पनि व्यक्त गरेका छन्।



राहदानी र सवारी चालक अनुमतिपत्र अब नागरिकका घरदैलोमा



काठमाडौँ ।
सेवा प्रवाहलाई नागरिकको घरदैलोमा पु- याउने लक्ष्यसहित सरकारले अघि सारेको योजनाअनुरुप राहदानी र सवारीचालक अनुमतिपत्र (लाइसेन्स) अब घरमा पुर्याउन थालिएको छ ।
यस्ता सेवा लिनका लागि सदरमुकाम वा सम्बन्धित कार्यालयसम्मको लामो यात्रा गर्नुपर्ने, घण्टौँ लाइन बस्नुपर्ने, बिचौलियाको भर पर्नुपर्ने र पटक–पटक धाउनुपर्ने अवस्थाको अन्त्य गर्न अब राज्य आफैँ नागरिकको ढोकासम्म पुग्न थालेको हो ।
हुलाक सेवा विभागका महानिर्देशक मनमाया भट्टराईका अनुसार मकवानपुर, म्याग्दी, डडेलधुरालगायत जिल्लामा परीक्षणस्वरूप यो सेवा प्रारम्भ भइसकेको छ । संखुवासभा, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)लगायत जिल्लामा अन्तिम तयारी भइरहेको छ भने सबैजसो जिल्ला हुलाकले कसरी सेवा दिने भनेर आ–आफ्नो योजना बनाइरहेका छन् ।
यो कार्यक्रमलाई कार्यान्वयन गर्न सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम तिमिल्सिना सक्रियतापूर्वक लागिरहेका छन् । सबै निकायबीचको समन्वय तथा सहकार्यमा कार्ययोजना बनाइ लागु गर्न र कार्यान्वयनका क्रममा देखिनसक्ने सम्भावित जटिलताबारे तत्काल मन्त्रालयलाई जानकारी गराउन विभागलाई निर्देशन दिएका छन् ।
सरकारले गत चैत १३ गते सार्वजनिक गरेको शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमा पासपोर्ट, नागरिकता प्रतिलिपि, लाइसेन्सलगायत सरकारी कागजातहरू घरमै पु¥याउने व्यवस्था १०० दिनभित्र लागू गर्ने घोषणा गरेको थियो ।
म्याग्दीका प्रमुख जिल्ला अधिकारी रवीन्द्र आचार्यले बुधबार बेनी नगरपालिका वडा नम्बर २ र ६ मा आफैँ पुगेर सम्बन्धित व्यक्तिलाई राहदानी हस्तान्तरण गरे । बिहीबार पनि जिल्लाका केही स्थानमा राहदानी पठाइएको उनले राससलाई जानकारी दिए ।
'प्रारम्भिक चरणमा सेवा पाएका नागरिकहरुबाट सकारात्मक प्रतिक्रिया प्राप्त भएको छ । समय, खर्च र झन्झट घटेको उनहरुको अनुभव छ,' उनले भने ।
विगत केही वर्षदेखि निष्क्रिय प्रायः हुलाक सेवा विभागलाई सरकारले पुनः सशक्त बनाउने रणनीति लिएको छ । घरघरमा चिठीपत्र पुर्याउँदै आएको हुलाकलाई सरकारी 'कुरियर सेवा' मा रूपान्तरण गर्ने योजना कार्यान्वयनमा ल्याइएको छ । यसका लागि राहदानी विभाग, यातायात व्यवस्था विभाग, जिल्ला प्रशासन कार्यालय र हुलाक कार्यालयबीच समन्वयलाई प्राथमिकता दिइएको छ ।
ठेगाना प्रणाली अभावका कारण यो सेवा विस्तार त्यति सहज नभएको संखुवासभाका प्रमुख जिल्ला अधिकारी सिर्जना थपलिया बताउनुहुन्छ । 'हामीसँग व्यवस्थित घर नम्बर र पोस्टल कोड प्रणाली छैन । घरमै पु¥याउने भनिए पनि कतिपय ठाउँमा पालिकास्तरसम्म पु¥याउन कठिन छ । भौगोलिक विकटताका साथै जनशक्ति व्यवस्थापनलाई पनि ध्यान दिनुपर्नेछ,' उनले भने ।
त्यसैगरी, यो प्रणाली कार्यान्वयन गर्न 'पोस्टल ट्र्याकिङ' प्रणालीको विकास, 'एसएमएस'बाट सूचना प्रवाह, जनशक्ति अभाव, दुर्गम क्षेत्रमा सवारी साधनको कमीलगायत समस्या समाधान गर्न जरुरी छ । बृहत् क्षेत्र भएका जिल्लामा हुलाक सेवा विस्तार गर्न थप स्रोत र पूर्वाधार आवश्यक भएको उनको कथन छ ।
हुलाक सेवा विभागले कर्मचारीलाई तालिम दिने र आवश्यक परे नयाँ जनशक्ति परिचालन गर्ने योजना बनाएको जनाएको छ । देशव्यापी रुपमा यो कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न अझै समय लाग्ने देखिन्छ ।
अहिलेको राहदानीसम्बन्धी विवरण सङ्कलन गर्ने र वितरणको जिम्मा पनि जिल्ला प्रशासन कार्यालयले पाएको छ । राहदानी विभागले छपाई गरेको राहदानी हुलाक हुँदै जिल्ला प्रशासनमा जान्छ भने वितरणका लागि पुनः जिल्ला प्रशासनले हुलाकलाई नै भन्नुपर्ने अवस्था छ । यसो हुँदा दोहोरो खर्च र समय खपत हटाउन सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र गृह मन्त्रालयले समन्वयात्मक रुपमा काम गरिरहेका छन् । यदि राहदानी विभागले सिधै हुलाकमार्फत वितरण गर्न सकेमा यो समस्या समाधान हुन सक्ने देखिन्छ ।
हुलाक सेवाबाट कागजात नागरिकका घरमै पुर्याउँदा लाग्ने शुल्क निर्धारण भने भएको छैन । हुलाक सेवा विभागका महानिर्देशक भट्टराईका अनुसार सेवाग्राहीबाट रु ५५ सम्म शुल्क लिएर कागजात हुलाकमार्फत पठाउन भनिएको छ । यो शुल्क निर्धारण र मापदण्ड देशव्यापी रूपमा एकरूप हुन अझै बाँकी छ ।
यसैगरी, जुनसुकै जिल्ला प्रशासन कार्यालयबाट सेवा लिन सकिने व्यवस्था मिलाउने तथा सम्पूर्ण सेवा प्रक्रिया ट्र्याकिङयोग्य र समयसीमाबद्ध बनाउनेलगायत काम कसरी गर्न सकिन्छ भनेर हुलाकले गृहकार्य गरिरहेको छ ।
यो प्रणाली पूर्ण रुपमा लागू भएपछि सेवाग्राहीले राहदानी, लाइसेन्सजस्ता कागजात तयार भए वा भएनन् वा कुन अवस्थामा छन् र घरसम्म कहिले आइपुग्छन् भन्ने जानकारीसमेत मोबाइलमै पाउनेछन् ।
देशव्यापी रूपमा सेवा विस्तार नभएसम्म सबै नागरिकले समान लाभ पाउने अवस्था छैन । विशेषगरी दुर्गम जिल्लाका नागरिक अझै पनि पुरानै प्रणालीमा निर्भर छन् । त्यहाँ पूर्वाधार र जनशक्ति अभावले नयाँ व्यवस्था लागू गर्न कठिनाइ हुनसक्छ । कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि दीर्घकालीन योजना, पर्याप्त लगानी र निरन्तर अनुगमन आवश्यक भएको सार्वजनिक सेवा प्रवाहका जानकारहरूले बताएका छन् । साथै दूतावासले श्रम स्वीकृति नलिइ कम्बोडिया, लाओस, म्यानमार र थाइल्याण्ड नजान अनुरोध गरेको छ ।

चिडियाखानालाई तीन वर्गमा वर्गीकरण गरिने

काठमाडौँ ।
सरकारले अब चिडियाखानाको वर्गीकरण गर्ने भएको छ । वन तथा वातावरण मन्त्रालयले चिडियाखानाको क्षेत्रफल, वन्यजन्तुको संख्या तथा अन्य सेवा सुविधाका आधारमा चिडियाखानालाई वर्गीकरण गर्न कानूनी प्रक्रिया अघि बढाएको छ ।
मन्त्रालयले 'चिडियाखाना, वन्यजन्तु उद्धार केन्द्र तथा वन्यजन्तु अस्पताल स्थापना तथा सञ्चालनसम्बन्धी मापदण्ड, २०८२ को मस्यौदा' उपर राय–सुझाव माग गरेको छ । मन्त्रालयले गत चैत २४ गतेको सचिवस्तरीय निर्णयानुसारको मस्यौदाउपर १५ दिन भित्र राय–सुझाव उपलब्ध गराउन आग्रह गरेको छ ।
वन्यजन्तुको परस्थानीय संरक्षण, वंशाणु स्रोत संरक्षण, अध्ययन, अनुसन्धान, संरक्षण शिक्षा, मनोरञ्जन, प्रजनन, वन्यजन्तु उद्धार, उद्धार गरी राखिएका वन्यजन्तुको संरक्षण र पुनःस्थापन तथा वन्यजन्तु उपचारलाई सहज एवम् व्यवस्थित गर्न सो मापदण्ड बनाउन लागिएको हो ।
प्रस्तावित मस्यौदाअनुसार तीन प्रकारका चिडियाखाना वर्गीकरण गरिएको छ । कम्तीमा ५० हेक्टर क्षेत्रफल र कम्तीमा १०० प्रजातिका वन्यजन्तु राखिने चिडियाखाना वा प्राणी उद्यानलाई 'ठूला चिडियाखाना वा प्राणी उद्यान' भनी वर्गीकरण गरिएको छ ।
त्यसैगरी, कम्तीमा २० हेक्टर क्षेत्रफल र कम्तीमा ४० प्रजातिका वन्यजन्तु राखिने चिडियाखाना वा प्राणी उद्यानलाई 'मझौला चिडियाखाना' वर्गीकरण गरिएको छ भने कम्तीमा पाँच हेक्टर क्षेत्रफल र कम्तीमा १० प्रजातिका वन्यजन्तु राखिने चिडियाखाना वा प्राणी उद्यानलाई 'साना चिडियाखाना' भनी वर्गीकरण गरिएको छ ।
यसैगरी, व्यवस्थापनका आधारमा चिडियाखानालाई सरकारद्वारा व्यवस्थित र संस्था वा अन्य निकायद्वारा व्यवस्थित भनी दुई प्रकारमा वर्गीकरण गर्ने प्रस्ताव गरिएको छ । सङ्घीय निकाय, प्रदेश स्तरीय निकाय र स्थानीय तहबाट स्थापना र सञ्चालन गरिने चिडियाखाना वा प्राणी उद्यानलाई सरकारद्वारा व्यवस्थित र कानूनबमोजिम स्थापना भएका संस्था वा निकायहरूबाट स्थापना र सञ्चालन गरिने चिडियाखाना वा प्राणी उद्यानलाई संस्था वा अन्य निकायद्वारा व्यवस्थित चिडियाखाना भनी वर्गीकरण गरिनेछ ।
मापदण्डको मस्यौदामा 'चिडियाखाना' भन्नाले संरक्षण शिक्षा, मनोरञ्जन, प्रजनन, वंशाणु स्रोतको संरक्षण, अध्ययन तथा अनुसन्धान गर्ने उद्देश्यले जीवजन्तुहरू परस्थानमा प्रदर्शनीमा राखी व्यवस्थापन गरिएको स्थान भनी उल्लेख छ ।
त्यस्तै, सो शब्दले अन्तरराष्ट्रिय प्रचलनअनुसार स्थापना गरिने प्राणी उद्यान (जुलोजिकल गार्डेन) समेतलाई बुझाइनेछ ।
वन्यजन्तुका लागि पाँच स्वतन्त्रता कायम गर्नुपर्ने मापदण्डको मस्यौदाअनुसार वन्यजन्तुहरुको बासस्थल निर्माण गर्दा वा समूहगत खण्ड व्यवस्था गर्दा वन्यजन्तुलाई उचित आहारा, पोषण र पानीको उपलब्धता, पीडा र रोगव्याधिबाट उन्मुक्ति, आवश्यक औषधोपचार, प्राकृतिक स्वभाव व्यक्त गर्न सक्ने वातावरण र अनावश्यक भय एवम् त्रास नहुने वातावरण प्रदान गर्नुपर्ने छ ।
चिडियाखानाको 'सेक्सन'मा राख्दा वन्यजन्तु प्रजातिको आनीबानीअनुसार भाले र पोथीको जोडी मिलाई राख्नुपर्ने छ । त्यस्तै, समूहमा रहने प्रजातिहरूलाई समूहमा आवश्यक संख्यामा भाले–पोथी अनुपात मिलाई राख्नुपर्ने छ । घाइते, बिरामी र तत्काल उद्धार गरिएका वन्यजन्तुलाई प्रदर्शनीमा राख्नु हुँदैन भने वन्यजन्तुको बासस्थलबाट आगन्तुकले अवलोकन गर्ने स्थानसम्मको दूरी कम्तीमा एक दशमलव पाँच मिटर कायम गर्नुपर्ने मस्यौदामा उल्लेख छ । त्यसका लागि वन्यजन्तुको बासस्थलको बाहिरी घेराबाट एक दशमलव पाँच मिटरको दूरीमा सुरक्षा अवरोध राख्नुपर्ने छ ।
मापदण्डअनुसार वन्यजन्तु उद्धार गर्ने क्रममा, उद्धार गरी ढुवानी–ओसारपसार गर्दा, उद्धार केन्द्र वा चिडियाखानामा रहँदा, उपचार गर्दागर्दै मृत्यु भएमा पशु चिकित्सकबाट 'पोष्टमार्टम' गरी नेपालका संरक्षित, सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तरराष्ट्रिय व्यपार नियन्त्रण महासन्धिको अनुसूचीमा सूचीकृत वन्यजन्तुको हकमा सम्बन्धित संरक्षित क्षेत्र कार्यालय वा डिभिजन वन कार्यालय कर्मचारीको रोहवरमा मुचुल्का खडा गरी अभिलेख राख्नुपर्नेछ ।
पोष्टमार्टमपछि चिडियाखाना, उद्धार केन्द्र वा डिभिजन वन कार्यालय वा संरक्षित क्षेत्र कार्यालयका परिसरभित्र यथोचित संस्कारका साथ दाहसंस्कार गरी गहिरो खाडल खनेर झिक्र–निकाल्न नमिल्ने गरी गाड्नु पर्नेछ । रासस

सङ्घीय संसद्का १२ विषयगत समितिको सभापतिमा मनोनयन दर्ता

काठमाडौँ ।
सङ्घीय संसद्का १२ विषयगत समितिको सभापतिमा मनोनयन दर्ता भएको छ । समिति सभापतिको निर्वाचन कार्यक्रमअनुसार बिहीबार अपराह्न ४:०० बजेसम्म प्रतिनिधिसभाका दश र दुई संयुक्त समितिको सभापतिमा मनोनयन दर्ता भएको सङ्घीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले जानकारी दिए ।
प्रतिनिधिसभाको अर्थ समितिको सभापतिमा डा. कृष्णहरि बुढाथोकी, अन्तरराष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा सुन्निमा उदास, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको सभापतिमा रहवर अन्सारी, कानुन, न्याय तथा मानवअधिकार समितिको सभापतिमा समीक्षा बास्कोटा, राज्य व्यवस्था तथा सुशासन समितिको सभापतिमा हरि ढकाल र सार्वजनिक लेखा समितिको सभापतिमा भरतबहादुर खड्काको मनोनयन दर्ता भएको छ ।
महिला तथा सामाजिक मामिला समितिमा आकृति अवस्थी, पूर्वाधार विकास समितिमा आशिष गजुरेल र कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिको सभापतिमा अशोक चौधरीले उम्मेदवारी दर्ता गराए । शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिको सभापतिमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का डा. ओजस्वी शेरचन र नेपाल कम्युनिष्ट पार्टी (एमाले)को गुरुप्रसाद बरालको मनोनयन दर्ता भएको छ ।
सङ्घीय संसद्को संयुक्त समितिका रूपमा रहेको संसदीय सुनुवाइ समितिको सभापतिमा बोधनारायण श्रेष्ठ र राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समिति सभापतिमा रास्वपाका गणेश कार्की र नेपाली कम्युनिष्ट पार्टीका सांसद मदनकुमारी शाह (गरिमा) को उम्मेदवारी दर्ता भएको छ ।
सङ्घीय संसद् सचिवालयले सभापति उम्मेदवारको मनोनयनसम्बन्धी सूची प्रकाशित गरेको छ । शुक्रबार अपराह्न १:०० बजे बस्ने सम्बन्धित समितिको बैठकमा सभापतिको मनोनयसम्बन्धी प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्ने कार्यक्रम रहेको सचिवालयका प्रवक्ता गिरीले जानकारी दिए । रासस

अफिमसहित दुई जना पक्राउ

मधेशदृष्टि
बारा ।
बाराको सिमावर्ती क्षेत्र भारततर्फबाट पछिल्ला दुई छुट्टाछुट्टै कारवाईमा अफिमसहित दुई जना पक्राउ परेका छन् भने १५ वटा गाईगोरु प्रहरीले नियन्त्रणमा लिइएको छ । एसएसबीको ७१औँ बटालियनबाट प्राप्त गोप्य सूचनाका आधारमा बिहार प्रहरीसँगको संयुक्त कारबाहीमा करिब ४ किलो अफिमसहित दुई जना पक्राउ परेका हुन् । पक्राउ पर्नेमा पर्साका ५७ वर्षीय चन्देश्वर महतो कोइरी र भारत पश्चिम चम्पारणका ६६ वर्षीय झग्गु महतो रहेका छन् । यसैबीच, अर्को छुट्टै कारवाइमा एसएसबी टोलीले बिहान करिब २ बजे सीमाक्षेत्रबाट १५ वटा गाईगोरु नियन्त्रणमा लिएको छ । बारासँग जोडिएको इनरवा (लरहटोला) क्षेत्रमा भारततर्फ लैजाँदै गरिएका ५ वटा गाई र १० वटा बाछो बरामद गरिएको एसएसबी प्रवक्ता बिनित कुमार सिंहले जानकारी दिएका छन्।

मदिरा पार्टीपछि ...

धनुषाका प्रवक्ता मधुसुदन न्यौपानेका अनुसार मृतकको शरीरका विभिन्न भाग, विशेषगरी आँलातिर शंकास्पद चोटपटक देखिएको छ, जसले घटनालाई सामान्य दुर्घटनाभन्दा बाहिर लैजाने संकेत गरेको छ । प्रारम्भिक अनुसन्धानले हत्या नै भएको हुनसक्ने देखिन्छ, तर ठोस निष्कर्ष पोस्टमार्टम रिपोर्टपछि मात्रै आउने डिएसपी न्यौपानेको भनाइ छ । प्रहरी स्रोतका अनुसार घटनास्थलमा १० देखि १२ वटा बियरसहित अन्य मादक पदार्थका खाली बोतल फेला परेको अनुसन्धानमा संग्लन अधिकृतको भनाइ छ । यसले महतोसहित ८–९ जनाको समूहले सामूहिक रूपमा मदिरा सेवन गरेको अनुमान गरिएको छ ।
तर, घटना लगत्तै उनीसँगै रहेका भनिएका सबै व्यक्ति सम्पर्कविहीन भएका छन् । उनीहरूको पहिचान खुलाउने र खोजी गर्ने कार्यलाई प्रहरीले उच्च प्राथमिकतामा राखेको जनाएको छ ।
सूचना दिने नै गायब
घटनालाई अझै रहस्यमय बनाउने अर्को पाटो भनेको प्रारम्भिक सूचना प्रहरीलाई दिने व्यक्ति समेत हाल सम्पर्कविहीन हुनु हो । प्रहरीका अनुसार शव छ भने सूचना दिने व्यक्ति नै बेपत्ता छन् । अनुसन्धानमा खटिएका प्रहरीका अनुसार सूचना आएको नम्बरमा पटकपटक फोन गर्दा तर सम्पर्क नै हुन सकेको छैन।
बुधबार राति करिब ११ बजे पुलमा महतोको शव फेला परेको प्रहरीको भनाइ छ । त्यसपछि उनलाई पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुरधाम ल्याइएको छ । मृतक प्रदीप महतो २०७४ सालको स्थानीय तह निर्वाचनमा नेपाल कम्युनिस्ट पार्टी (एमाले) बाट सबैला नगरपालिका–१२ को वडाध्यक्षमा निर्वाचित भएका थिए।

Invitation for Proposal for Implementation Solution of Expected Credit Loss Model

Corporate Development Bank Limited.

नेपाल राष्ट्र बैंकबाट "ख"वर्गको इजाजतपत्रप्राप्त संस्था
केन्द्रियकार्यालय, गितामन्दिर रोड, बीरगंज,
फोन नं. : ०५१-५३१०३१/५२७८४५,
Email: info@corporatebank.com.np, Web site: www.corporatebank.com.np

Invitation for Proposal

Corporate Development Bank Limited invites proposal from Eligible Audit Firms/ Consultants for the provision and implementation solution of Expected Credit Loss Model as per Nepal Financial Reporting Standards (NFRS 9).

Eligibility Criteria:

1. Proposer must be a registered entity under the applicable Act.
2. Proposer should have demonstrable experience in providing risk advisory services, with specific expertise in ECL Modelling, NFRS 9 or equivalent standard.
3. Proposer must have technical capability, including qualified professionals and resources with expertise in ECL assessment, credit risk modelling and data analytics.
4. Proposer should not have any conflict of interest or be blacklisted, disqualified, or banned by Government, Regulatory body or any BFIs in Nepal.

Documentation Required:

1. Firm Registration Certificate
2. Profile of the Firm
3. Valid Copies of PAN/VAT registration Certificate
4. Latest Tax Clearance Certificate
5. Documents like MOA, AOA and Share holding Pattern
6. Other Required Documents
   i. Delivery mapping with scope of work
   ii. Timeline of the project
   iii. Roles and Responsibilities of management and engagement party
   iv. The fees structure and payment terms including any additional cost

Terms and Conditions:

1. A copy of proposed document can be obtained from Corporate Development Bank Ltd., Head Office, Birgunj near GeetaMandir, Parsa or the same can be accessed through the Email ID info@corporatebank.com.np after submission of written application in Company's letter head .
2. Proposed document has to be submitted in the prescribed format within **5:00 PM, Friday, 30th April, 2026.**
3. Proposer should submit all the documents outlined in the request for proposal/proposed document and failing to do so shall result in the rejection of the proposal.

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY
मधेश प्रदेश कार्यालय

हाजिरीजवाफ प्रतियोगिताको म्याद थप सम्बन्धी सूचना ।

नेपाल बीमा प्राधिकरण मधेश प्रदेश कार्यालयद्वारा आयोजित हाजिरीजवाफ प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यार्थीहरूका लागि आवेदन पेश गर्ने अन्तिम मितिको सम्बन्धमा पूर्व प्रकाशित सूचना अनुसार मिति २०८२ चैत २७ गते सम्म तोकिएको थियो । अझ धेरै बिद्यार्थीहरुलाई हाजिरीजवाफ प्रतियोगितामा ब्यापक सहभागी गराउने उद्देश्यले हाजिरीजवाफ प्रतियोगिता सञ्चालन उप समितिको निर्णय बमोजिम तोकिएको मिति भित्र आवेदन दिन नसकेका इच्छुक सहभागीहरूलाई ध्यानमा राखी आवेदन पेश गर्ने म्याद २०८३ बैशाख १४ सम्म थप गरिएको व्यहोरा जानकारी गराइन्छ।
तसर्थ, इच्छुक विद्यार्थीहरूले तोकिएको नयाँ मिति भित्र आवेदन पेश गर्न अनुरोध गरिन्छ । साथै थप जानकारीको लागि नेपाल बीमा प्राधिकरण गण्डकी प्रदेश कार्यालयमा सम्पर्क गर्न सकिने व्यहोरा अनुरोध गरिन्छ।

सूचना प्रकाशित मितिः-
२०८३/०१/०४

नेपाल बीमा प्राधिकरण
मधेश प्रदेश कार्यालय
वीरजंग मा.न.पा.-१०, आदर्शनगर, पर्सा
संपर्क नं. ०५१-५९९०६२/९८४५९३२९३१

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY
मधेश प्रदेश कार्यालय

निबन्ध प्रतियोगिताको म्याद थप सम्बन्धी सूचना ।

नेपाल बीमा प्राधिकरण मधेश प्रदेश कार्यालयद्वारा आयोजित निबन्ध प्रतियोगितामा सहभागी हुन इच्छुक विद्यार्थीहरूका लागि आवेदन पेश गर्ने अन्तिम मितिको सम्बन्धमा पूर्व प्रकाशित सूचना अनुसार मिति २०८२ चैत २७ गते सम्म तोकिएको थियो । अझ धेरै बिद्यार्थी भाइ बहिनिहरुलाई निबन्ध प्रतियोगितामा ब्यापक सहभागि गराउने उद्देश्यले निबन्ध प्रतियोगिता सञ्चालन उप समितिको निर्णय बमोजिम तोकिएको मिति भित्र आवेदन दिन नसकेका इच्छुक सहभागीहरूलाई ध्यानमा राखी आवेदन पेश गर्ने म्याद २०८३ बैशाख १४ सम्म थप गरिएको व्यहोरा जानकारी गराइन्छ।
तसर्थ, इच्छुक विद्यार्थीहरूले तोकिएको नयाँ मिति भित्र आवेदन पेश गर्न अनुरोध गरिन्छ । साथै थप जानकारीको लागि नेपाल बीमा प्राधिकरण मधेश प्रदेश कार्यालयमा सम्पर्क गर्न सकिने व्यहोरा अनुरोध गरिन्छ।

सूचना प्रकाशित मितिः-
२०८३/०१/०४

नेपाल बीमा प्राधिकरण
मधेश प्रदेश कार्यालय
वीरजंग मा.न.पा.-१०, आदर्शनगर, पर्सा
संपर्क नं. ०५१-५९१९०६२/९७६५०१२८१६

‘ह्विलचेयरले दियो खुसी’

महोत्तरी।
पछिल्ला तीन वर्षयता कैयन चाडपर्व आएगए तर पक्षघातले थलिएका महोत्तरीको बर्दिबास–११ खयरमाराका ६६ वर्षीय पूर्णबहादुर भुजेललाई कुनै प्रवाह भएन । यसपालिको नयाँवर्ष २०८३ को प्रारम्भ भने उहाँका लागि सम्झनलायक बनेको छ।
मधेशमा नयाँवर्षमा मनाइने जुडशीतल पर्वको पहिलो दिन मङ्गलबार भुजेलले घुमफिर गर्न सहयोगी हुने ‘ह्विलचेयर’ पाएका छन् । त्यसैले यसपालिको नयाँ वर्ष र जुडशीतल पर्व उनका लागि सम्झनलायक बनेको हो । लायन्स क्लब अफ बर्दिबास समाजले बस्तीमै पुगेर उहाँलाई ह्विलचेयर दिएको हो।
‘हातगोडा केही नचल्ने भएर तीन वर्षदेखि थला परेको थिए, अब भने यही ह्विलचेयरमा घर ओरपर डुल्न पाइने भएको छ ।



यो अवसरका लागि सहयोगी संस्था र व्यक्तित्वलाई आभार छ,’ भुजेलले भने।
बस्तीमा भुजेलका अतिरिक्त १३ वर्षीय जनम दियाली र ३५ वर्षीय खुपबहादुर थापाले पनि सहयोग पाएका छन्।
‘दुर्घटनामा परेर दुवै गोडा काटिएपछि १५ वर्षदेखि कुँजिएर बसेको थिएँ, आफ्नै जीवन बोझजस्तै बनेको थियो,’ ह्विलचेयर पाएपछि थापा भन्छन्, ‘यसपटक भने नयाँ वर्षले आफ्नो जीवनमा नयाँ आशा ल्याएर आएको अनुभूति भएको छ। अब त ह्विलचेयरमा वरपर जान सहज भएको छ।’
दियाली त जन्मँदै अशक्त हुन् । उनी बोल्न पनि सक्दैनन् । ह्विलचेयर पाएपछि उनी पनि खुसी छन्। हेर्दा सानो सहयोग भए पनि लायन्स क्लब अफ बर्दिबासले अशक्त जीवनमा निकै खुसी दिएको बर्दिबास–११ का वडाध्यक्ष गोपाल बल बताउँछन्।
समाजका अध्यक्ष वैकुण्ठप्रसाद देवकोटाले लायन्स क्लब इन्टरनेसनल ३२५ ‘एफ’ को सहयोगमा ह्विलचेयर प्रदान गरिएको बताए। यसपटक छ वटा ह्विलचेयर सहयोग गरिएको उनले जानकारी दिए।

कार्यालय प्रमुख नहुँदा कार्यसम्पादनमा समस्या

मधेशदृष्टि
रौतहट।
रौतहट र सर्लाही कार्यक्षेत्र समेट्ने पर्यटन विकास कार्यालय मधेशका कार्यालय प्रमुखको विवादका कारण तीन महिनादेखि कर्मचारीको तलब पाएका छैनन् भने सेवा प्रवाह पूर्ण रूपमा ठप्प भएको छ । मधेश प्रदेश सरकारले कार्यालय प्रमुखको आधिकारिकता टुंगो लगाउन नसक्दा कर्मचारीहरूले माघ महिनादेखि तलब पाउन नसकेका हुन् । यसको असर कार्यालयका दैनिक सेवा र विकास–निर्माणका काममा परेको छ।
चालु आर्थिक वर्ष सकिन तीन महिना मात्र बाँकी रहँदा पनि कार्यालयले एउटा पनि योजना सञ्चालन गर्न सकेको छैन। कुल ७८ करोड ६० लाख रुपैयाँ बजेट रहेकोमा पुँजीगततर्फ शून्य खर्च भएको छ भने चालु खर्चतर्फ मात्र करिब ६६ लाख रुपैयाँ खर्च भएको लेखापाल अरविन्द कुमार यादवले जानकारी दिए।
कार्यालय प्रमुखको विषयमा उत्पन्न विवादले समस्या झनै जटिल बनेको छ । गत माघ २ गते निमित्त प्रमुख सचिव रामकुमार महतोले तत्कालीन प्रमुख राजेश काफ्लेलाई काज फिर्ता गर्दै इन्जिनियर कमलेश कुमार मिश्रलाई जिम्मेवारी दिएका थिए । तर, केही दिनमै निर्णय कार्यान्वयन नगर्न अर्को पत्राचार भएपछि दोहोरो आदेश सिर्जना भएको हो।

जलवायुमैत्री कृषिमार्फत चुनौतीको सामना गर्दै किसान

सुदिप राउत/रासस
सिरहा।
बढ्दो खडेरी, अनपेक्षित वर्षा र भूमिगत जलस्तर घट्दै जाँदा केही वर्ष अघिसम्म लक्ष्मीपुर पतारी गाउँपालिका–४ का प्रमोदकुमार मण्डललाई आफ्नो खेत बाँझै रहला कि भन्ने चिन्ताले सताउँथ्यो । आकाशे पानीको भरमा खेती गर्ने उहाँ कहिले अतिवृष्टि त कहिले अनावृष्टिको मारमा पर्नुहुन्थ्यो, अचेल भने मण्डलको त्यो चिन्ता हटेर गएको छ । उहाँले परम्परागत खेती प्रणालीलाई त्यागेर ‘जलवायुमैत्री कृषि’ अपनाएका छन्।
‘पहिले पानी नपर्दा मल र बीउको लगानी पनि उठ्दैनथ्यो,’ आफ्नो अनुभव सुनाउँदै मण्डल भन्छन्, ‘हाल मल्चिङ प्रविधि र थोपा सिँचाइ सुरु गरेपछि कम पानीमा पनि लटरम्म तरकारी फलेको छ। खेती गर्ने तरिका फेर्दा आम्दानी मात्र होइन, मनमा शान्ति पनि मिलेको छ।’
मण्डल परिवार तरकारी खेतीको आम्दानीबाट जीविका चलाउँदै आएको छ । विगत छ महिनादेखि प्लास्टिक घर, थोपा सिँचाइ, गँड्यौला मल, झोल मल, कीरा नियन्त्रणका लागि आवश्यक जानकारी लिई तरकारीखेती गर्दा केही सहज भएको उनको भनाइ छ। मण्डल भन्छन्, ‘रसायनिक मल पहिलादेखि नै न्यूनीकरण गर्दै लगेका थियौँ । एक त भनेको समयमा नपाइने, पाए तापनि माटोको उर्वराशक्ति ह्रास गर्ने र उत्पादन पनि घट्ने । जैविक मलको प्रयोगले मानव स्वास्थ्यलाई पनि राम्रो हुने भएकाले यसको उपयोग गर्न थालेका छौँ।’
मण्डल परिवारले करिब साढे दुई कट्ठा जग्गाबाट पछिल्लो छ महिनामा मात्रै काउली खेतीबाट ४० हजार रुपैयाँ, टमाटरबाट ५० हजार रुपैयाँ, च्याउबाट २० हजार रुपैयाँ र सागसब्जीबाट नौ



हजार रुपैयाँ आम्दानी गरिसकेको छ । उनले खेतीलाई वातावरण अनुकूल बनाउन तापक्रम नियन्त्रण गर्ने टनेल हाउस र सिँचाइका लागि सोलार प्रणाली जडान गरी लाभ लिइरहेको सुनाए।
परिवर्तित खेती प्रणालीको सफलताले वैदेशिक रोजगारीमा रहेकाहरूलाई समेत स्वदेशमै भविष्य देखाएको छ । धनगढीमाई नगरपालिका–१० की अनिता महतोले यही सिजनमा तीन कट्ठामा लगाएको काउली बेचेर एक लाख रुपैयाँभन्दा बढी आम्दानी गरेको बताइन् । उनको यो प्रगति देखेपछि वैदेशिक रोजगारीमा रहेका श्रीमान् जागेश्वर महतो घर फर्किएर कृषिमा साथ दिइरहेका छन्।
जागेश्वर भन्छन्, ‘बिजुलीको झन्झट छैन, इन्धनको खर्च जोगिएको छ । घाम लागेसम्म पानीको चिन्ता हुँदैन । प्लास्टिकको घर (टनेल) भित्र गरिएको खेतीले असिना र अत्यधिक तापक्रमबाट बाली जोगाएको छ। यसले परिवारको आम्दानी मात्र होइन, आत्मनिर्भरता पनि बढाएको छ।’
आधुनिक र जलवायु उत्थानशील पद्धतिमा आबद्ध गराउन लहानस्थित ‘राष्ट्रिय कृषक समूह महासङ्घ नेपाल’ले जलवायुमैत्री गाउँ परियोजनामार्फत सहयोग गरिरहेको छ । ‘केयर नेपाल’को आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालित यस परियोजनाले किसानलाई पाठशाला सञ्चालन गर्नेदेखि कृषि सामग्री उपलब्ध गराउनेसम्मका काम गरिरहेको संस्थाका लक्ष्मीपुर पतारीका ‘फिल्ड सुपरीवेक्षक’ उमेश नन्दन चौधरीले जानकारी दिए।
उनका अनुसार किसानलाई माटो बचाउँदै खेती गर्ने प्रणालीबारे सिकाइएको छ । पालिकाका छमध्ये पाँच वटा वडामा महिला कृषक समूह गठन गरी गोठ सुधार कार्यक्रम, गँड्यौला मल उत्पादन तथा बोरिङ, फोहोरा सिँचाइ, आधुनिक चुलो र जलवायुमैत्री बीउबिजन वितरण गरिएको छ।
यस्तै, धनगढीमाई नगरपालिकाका क्षेत्रगत सुपरिवेक्षक रबिन साहले पनि नमूना किसान समूह निर्माण गरी किसानलाई यस प्रविधितर्फ आकर्षित गरिएको जानकारी दिए।
परियोजनाका वरिष्ठ कार्यक्रम अधिकृत ईश्वर थापाका अनुसार यो कार्यक्रम यहाँका धनगढीमाई नगरपालिका, लक्ष्मीपुर पतारी, भगवानपुर र सखुवानन्कारकट्टी गाउँपालिका गरी चार स्थानीय तह तथा सप्तरीका रुपनी र अग्निसाइर कृष्णासवरन गाउँपालिकामा सञ्चालित छ । यी छ वटा पालिकामा जलवायु उत्थानशील कृषक समुदायको विकास गर्ने लक्ष्यका साथ काम भइरहेको उनले बताए।
‘हरित गृह ग्यास उत्सर्जनलाई न्यूनीकरण गर्ने र महिलाको कार्यबोझ कम गर्दै क्षमता अभिवृद्धि गर्ने परियोजनाको मुख्य उद्देश्य हो,’ थापा भन्छन्, ‘यस प्रदेशमा जलवायु उत्थानशील कृषक समुदायको विकास गर्न हामीले ७० प्रतिशत संस्थाको र ३० प्रतिशत स्थानीय किसानको लागत साझेदारीमा काम गरिरहेका छौँ । यसले किसानमा अपनत्वको बोध पनि गराइरहेको छ।’
उनका अनुसार, हालसम्म यी पालिकाहरूमा ५ सय १८ घरधुरी लाभान्वित हुने गरी ९३ वटा भूमिगत सिँचाइ प्रणाली (बोरिङ) जडान गरिएका छन् भने ५ सय वटा महिला समूह क्रियाशील छन्।
उत्पादनको बजारीकरणका लागि पनि यहाँ योजनाबद्ध रूपमा काम भइरहेको छ । हाल सिरहाको लक्ष्मीपुर पतारीमा कृषक समूहले मानकीदेवी मोची र गीतादेवी मण्डललाई तरकारी बिक्रीको जिम्मा दिएर उत्पादनको उचित बजार र मूल्यका लागि प्रयास गरिएको छ । ‘उपभोक्ताले ठाउँको तरकारी भनेपछि अहिले सबैले रासायनिक मल र विषादी नहालेको भनेर चिनिहाल्छन्,’ परियोजनाका वरिष्ठ कार्यक्रम अधिकृत थापाले भने।
उनका अनुसार जलवायुमैत्री कृषि प्रणालीले मुख्यतया तीनवटा कुरामा जोड दिन्छः पानीको उचित व्यवस्थापन, माटोको स्वास्थ्य सुधार र अनुकूलित बीउको प्रयोग। थापा भन्छन्, ‘यो प्रणाली अपनाउँदा उत्पादन लागत ३० देखि ४० प्रतिशतसम्म घट्छ र प्रतिकूल मौसममा पनि उत्पादनलाई स्थिर बनाउन मद्दत पुग्छ।’
जलवायुमैत्री कृषिको महत्त्व बढ्दै जाँदा सरकारले पनि यसलाई विशेष प्राथमिकता दिएको छ । सरकारले भर्खरै सार्वजनिक गरेको ‘शासकीय सुधारका १०० कार्यसूची’ मा समेत माटोमा कार्बन बढाउने विषयलाई समेटेको छ। माटोमा कार्बनको सञ्चिति बढ्दा पोषक तत्वहरूको चुहावट कम हुने, सिँचाइपछि लामो समयसम्म चिस्यान कायम रहने र जराको फैलावटमा वृद्धि हुने गरेको जानकारहरू बताउँछन् । यसले माटोमा हावाको सञ्चार राम्रो बनाउनाका साथै सूक्ष्म जीवहरूको सङ्ख्या बढाई पारिस्थितिकीय प्रणालीमा खाद्य चक्र सन्तुलन राख्छ, जसले अन्ततः माटोको भौतिक, रासायनिक र जैविक गुणमा सुधार ल्याई जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्न मद्दत पु¥याउने गरेको सुपरिवेक्षक साहले बताए।
खडेरी र कीराको प्रकोप जस्ता समस्या झेल्दै आएका यहाँका किसानका लागि ‘जलवायुमैत्री कृषि’ पद्धति ‘वरदान’ साबित हुँदै गएको छ । यद्यपि, सबै किसानसम्म यी प्रविधि पुगेका छैनन् । अग्रणी किसानको सफलताले अन्य कृषकलाई पनि यसतर्फ लाग्न प्रेरित भने गरिरहेको छ।

नारायणीको मेसुमा पुनः दासलाई भूमिका

मधेशदृष्टि
वीरगंज।
वीरगंजस्थित नारायणी अस्पतालको मेडिकल सुपरिटेन्डेन्ट (मेसु) डा. चुमनलाल दास पुनः फर्किएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले हाल नीति योजना महाशाखामा कार्यरत डा. दासलाई काज फिर्ता गर्दै पुनः नारायणी अस्पतालको मेसुको जिम्मेवारी दिएको हो । डा. दासलाई यसअघि २०८१ साल असोजको पहिलो साता नारायणी अस्पतालको मेसुमा नियुक्त गरिएको थियो । करिब एक वर्ष जिम्मेवारी सम्हालेपछि उनलाई मन्त्रालयले काजमा सरुवा गरी नीति योजना महाशाखामा पठाएको थियो।
बिहीबार स्वास्थ्य मन्त्री निशा मेहताको मन्त्रीस्तरीय निर्णयअनुसार एघारौँ तहका उच्च कर्मचारीहरूको सरुवा, पदस्थापन तथा काज फिर्ता गर्ने क्रममा डा. दासलाई पुनः नारायणी अस्पतालमा पठाइएको हो।
यसैगरी स्वास्थ्य बीमा बोर्डका कार्यकारी निर्देशक डा. कृष्णप्रसाद पौडेललाई पनि काज फिर्ता गरी गजेन्द्र नारायण सिंह अस्पताल राजविरामा पठाइएको छ, यद्यपि हाल उनी बोर्डमै कार्यरत रहने जनाइएको छ । यसै क्रममा मन्त्रालयका अन्य महत्त्वपूर्ण महाशाखाहरूमा पनि नेतृत्व परिवर्तन गरिएको छ।

पर्सा प्रहरीको चैतको कार्य विवरण सार्वजनिक

मधेशदृष्टि
वीरगंज ।
जिल्ला प्रहरी कार्यालय पर्साले चैत महिनाभरको प्रगति विवरण सार्वजनिक गरेको छ । प्रहरीका अनुसार चैत महिनामा कुल १ सय ५२ वटा मुद्दा दर्ता भएका छन्, जसमध्ये ५८ वटा संगठित तथा आर्थिक अपराधसम्बन्धी रहेका छन् ।
विभिन्न घटनामा संलग्न १ सय २ जना प्रतिवादीलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । फैसला कार्यान्वयनतर्फ पनि प्रहरीले फरार ६८ जना प्रतिवादीलाई पक्राउ परेकाछन् । यस अवधिमा १ करोड २३ लाख २० हजार ७ सय ४८ रुपैयाँ जरिवाना असुल गरेको छ ।
५ करोड ४० लाख ४२ हजार ४ सय ५ रुपैयाँ बराबरका अवैध सामान बरामद गरेको छ । भन्सार छलीका सामानमध्ये १ लाख ६४ हजार ५ सय ३० रुपैयाँ मूल्य बराबरका सामग्रीसहित एक जना पक्राउ परेका छन् । सवारी दुर्घटनातर्फ चैत महिनामा पर्सामा ७८ वटा दुर्घटना भएका छन्, जसमा २ जनाको मृत्यु र १ सय २१ जना घाइते भएका छन् । ट्राफिक कारबाहीमा ९ सय ९ सवारीसाधनलाई कारबाही गरी ११ लाख ५६ हजार रुपैयाँ जरिवाना संकलन गरिएको छ ।
यसैबीच मधेश प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक गोबिन्द थपलियाले जिल्ला प्रहरी कार्यालय पर्साको निरिक्षण तथा अनुगमन गरेका छन् । प्रदेश प्रहरीका प्रमुख थपलियाले जिल्ला प्रहरी कार्यालय पर्सामा कार्यरत प्रहरी कर्मचारी तथा मातहत प्रहरी इकाइका कार्यालय प्रमुखहरु समेतलाई विशेष निर्देशन दिए ।

लहानमा क्रिकेट रङ्गशाला निर्माण सुरु

सिरहा।
लहान नगरपालिका–४ स्थित यज्ञभूमिमा सङ्घ र स्थानीय सरकारको संयुक्त लगानीमा निर्माण हुन लागेको क्रिकेट रङ्गशालाको बिहीबार औपचारिक रूपमा शिलान्यास गरिएको छ । नगरप्रमुख महेशप्रसाद चौधरीले एक विशेष समारोहबीच रङ्गशालाको शिलान्यास गरेका हुन्।
नगरपालिकाको गौरवको आयोजनाका रूपमा हेरिएको यस रङ्गशालाले स्थानीयस्तरमा रहेका क्रिकेट प्रतिभालाई प्रस्फुटन गराउन र ठूला प्रतियोगिताहरू आयोजना गर्न मद्दत पुग्ने विश्वास लिइएको छ । रङ्गशाला निर्माणका लागि कुल रु आठ करोड २३ लाखको लागत अनुमान गरिएको थियो । प्रतिस्पर्धात्मक ठेक्का प्रक्रियामार्फत करिब ३० प्रतिशत ‘बिलो’ मा पाँच करोड ६२ लाख रुपैयाँमा निर्माणको सम्झौता भएको नगरप्रमुख चौधरीले जानकारी दिए।
आयोजनामा सङ्घीय सरकार र स्थानीय सरकारको संयुक्त लगानी रहेको छ । कुल लागतमध्ये तीन करोड रुपैयाँ सङ्घीय बजेटबाट प्राप्त भएको छ भने बाँकी लहान नगरपालिकाले व्यहोर्ने गरी आर्थिक स्रोत सुनिश्चित गरिएको छ । न्यून दरमा ठेक्का लागेकाले कामको गुणस्तरमा प्रश्न उठ्न सक्ने भन्दै नगरपालिकाले विशेष सतर्कता अपनाएको उनको भनाइ छ। लहान नगरपालिकाका योजना प्रमुख अनिक यादवले निर्माण कम्पनीलाई गुणस्तरबारे सचेत गराउँदै भने, ‘धेरै न्यून दरमा आयोजनाको जिम्मेवारी लिए पनि निर्माण कम्पनीलाई कामको गुणस्तरमा कुनै छुट दिइने छैन । हामीले प्राविधिक टोलीमार्फत कडाइका साथ अनुगमन गर्नेछौँ र सम्झौता अनुसारकै स्तरीय संरचना निर्माण सुनिश्चित गर्नेछौँ।’
शिलान्यास कार्यक्रमलाई सम्बोधन गर्दै नगरप्रमुख चौधरीले लहानको समग्र विकासमा खेलकुद पूर्वाधार अनिवार्य रहेको बताए । उनले भने, ‘लहानमा क्रिकेटप्रतिको क्रेज लोभलाग्दो छ, तर हाम्रा खेलाडीहरूसँग अभ्यास गर्ने उचित मैदान थिएन । यो रङ्गशाला निर्माण भएसँगै लहान खेलकुदको केन्द्र (हब) बन्नेछ । हामीले आगामी २०८३ साल चैतभित्र निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य राखेका छौँ।’ यज्ञभूमि क्षेत्रमा निर्माण हुन लागेको यो रङ्गशालाले स्थानीय अर्थतन्त्र र पर्यटनमा समेत सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ। रासस

परवानीपुर गोल्डकपः

शनिबारदेखि सुरु हुने

वीरगंज।
पाँचौँ संस्करणको परवानीपुर गोल्डकप फुटबल प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको छ । शक्ति युवा क्लबको आयोजनामा यही वैशाख ५ गतेदेखि १२ गतेसम्म परवानीपुर खेल मैदानमा प्रतियोगिता सञ्चालन हुनेछ।
शक्ति युवा क्लबका अध्यक्ष सुबोध श्रीवास्तवले प्रतियोगितामा छिमेकी मुलुक भारतको एक टोलीसहित नेपालका सात समूहको सहभागिता रहने जानकारी दिए। प्रतियोगितामा आयोजक शक्ति युवा क्लब (बारा), वीरगंज युनाइटेड क्लब, वीरगंज युथ क्लब, रिगल एन्फा क्लब (हेटौँडा), नव जनजागृति युवा क्लब सिमरा, चिडिया दह क्लब रौतहट, निजगढ फुटबल क्लब र यङ्ग स्टार क्लब (भारत) गरी आठ वटा समूह सहभागी हुनेछन् । प्रतियोगिता संयोजक सञ्जय मण्डलले प्रतियोगितामा पहिलो पुरस्कार दुई लाख रुपैयाँ, द्वितीय पुरस्कार एक लाख नगद पुरस्कार, ट्रफी मेडल र प्रमाणपत्रको व्यवस्था गरिएको जानकारी दिए । खेलमा उत्कृष्ट डिफेन्डर, फरवार्ड, प्रतिदिनका खेलका उत्कृष्ट खेलाडीलाई आर्थिक नगदबाट पुरस्कृत गरिने सहसंयोजक दीपक यादवले जानकारी दिए। उत्कृष्ट खेलाडीलाई नगद पाँच हजार एक सय पुरस्कारको व्यवस्था गरिएको छ।

आगलागीमा घर जलेर नष्ट

मधेशदृष्टि
वीरगंज।
पर्साको पर्सागढी नगरपालिका वडा न–५ बौहर्वामा बुधबार राति एक घरमा आगलागी हुँदा घर जलेर पूर्ण रूपमा नष्ट भएको छ । बौहर्वा निवासी राजमहमद मियाँको घरमा गए राति अचानक आगलागी हुँदा घरजलेर पुर्ण रूपमा नष्ट भएको छ भने घरमा रहेको लत्ताकपडा अन्न र एक थान प्लाटिना मोटरसाइकल जलेको र करिब तीन लाख पचास हजार रुपैयाँ बराबरको क्षति पुगेको इलाका प्रहरी कार्यालय एकटाङ्गाका इन्चार्ज कुलपित यादवले जानकारी दिए । आगलागी कसरी भएको हो अहिलेसम्म खुल्न सकेको छैन । त्यसैगरी आगलागी भएको घरको निरीक्षण गर्न बिहीबार बिहान पर्सागढीका नगरप्रमुख गोकर्ण पाठक पुगेका छन्। उनले निरीक्षण गर्दै व्यक्तिगत रूपमा चामल, दाल, तेल, चिउरा, आलु लगायतका सामाग्री समेत दिएको र नगरको बिपद् व्यवस्थापनबाट घर बनाउन थप सहयोग गर्ने वचन दिएका छन्।

जेसीजद्वारा निःशुल्क स्वास्थ्य शिविर

मधेशदृष्टि
वीरगंज।
जेसीज सप्ताहअन्तर्गत तेस्रो दिनको कार्यक्रमका रूपमा विहीवार निःशुल्क स्वास्थ्य परीक्षण कार्यक्रम भएको छ । बाल सुधार गृह, वीरगंज–४ बिर्तामा कार्यक्रम गरिएको हो । वीरगंज जेसीज वर्ष २०२६ का अध्यक्ष रविन्द्र श्रेष्ठको सभापतित्वमा सम्पन्न कार्यक्रममा दन्त चिकित्सक डा. मनोज उपाध्यायले १ सय २ बालकको दन्त परीक्षण गरेका थिए। परीक्षणक्रममा डा. उपाध्यायले बालकहरूको मौखिक स्वास्थ्यसम्बन्धी परामर्श समेत दिनुका साथै, सुधार गृहका बालकहरूलाई दाँत माझने ब्रस, मञ्जन लगायतका सामग्री वितरण गरे । कार्यक्रमका प्रमुख अतिथि वीरगंज जेसीजका पूर्वअध्यक्ष तथा गणेशमान श्रेष्ठ थिए।

वडाको सहयोगमा दुई महिने लोकसेवा कक्षा

मधेशदृष्टि
वीरगंज।
इन्स्पायर एजुकेशनको आयोजना तथा वीरगंज महानगरपालिका वडा नम्बर ९ को सहयोगमा दुई महिने निःशुल्क लोकसेवा आयोग तयारी कक्षा सुरु गरिएको छ। बिहीबारदेखि संकल्प लोकसेवा आयोग कार्यालयमा कक्षा सुरु गरिएको हो। इन्सपायर एजुकेशनका अध्यक्ष अशोक कुमार साहको अध्यक्षता तथा वडा नम्बर ९ का वडा अध्यक्ष जवाहर प्रसाद गुप्ताको प्रमुख आतिथ्यमा कक्षा उदघाटन सम्पन्न भएको हो । वडा अध्यक्ष गुप्ताले आफ्नो वडाका नागरिकहरूलाई सक्षम बनाउँदै रोजगारीका अवसरतर्फ अघि बढाउने उद्देश्यले विभिन्न तालिम तथा शैक्षिक कार्यक्रम सञ्चालन गर्दै आएको बताए।

सम्पादकीय

सार्वजनिक लेखा समिति र रास्वपाको रणनीतिक चाल

नेपालको संसदीय राजनीतिमा सार्वजनिक लेखा समितिको भूमिका सधैँ महत्त्वपूर्ण रहँदै आएको छ । सरकारको खर्च र वित्तीय अनियमितितामाथि निगरानी राख्ने यो शक्तिशाली समिति प्रतिपक्षी दलको नेतृत्वमा रहने परम्परा छ। हालै, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आफ्नो अपेक्षाकृत कमजोर चुनावी प्रदर्शनका बाबजुद नेपाली कांग्रेसलाई सार्वजनिक लेखा समितिको नेतृत्व सुम्पेर एक रणनीतिक चाल चलेको छ । यो कदमले तत्कालका लागि राजनीतिक वृत्तमा विभिन्न अड्कलबाजीहरू जन्माएको छ।

रास्वपाको यो निर्णयलाई सरकार सञ्चालनमा प्रतिपक्षी दललाई मौन राख्ने र अनावश्यक बखेडाबाट बच्ने प्रयासका रूपमा हेरिएको छ । सामान्यतया, प्रतिपक्षी दलले यस्ता महत्त्वपूर्ण समितिको नेतृत्व पाएपछि सरकारका गतिविधिमाथि थप निगरानी राख्ने र आलोचना गर्ने अवसर पाउँछ । तर, रास्वपाले कांग्रेसलाई यो जिम्मेवारी दिएर एक प्रकारको 'सद्भाव' देखाएको छ, जसले गर्दा कांग्रेसले सरकारको आलोचना गर्दा केही संयमता अपनाउन सक्ने अनुमान गरिएको छ। यो रास्वपाको 'विन–विन' रणनीति हुन सक्छ, जहाँ उसले प्रतिपक्षीलाई सम्मान दिएर आफ्नो लागि सहज वातावरण सिर्जना गर्न खोजेको छ।

सार्वजनिक लेखा समितिले सरकारी निकायहरूको वित्तीय पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्नमा केन्द्रीय भूमिका खेल्छ। यसको नेतृत्व प्रतिपक्षी दलले गर्दा सरकारमाथि अंकुश लाग्ने र सुशासन कायम गर्न मद्दत पुग्ने विश्वास गरिन्छ । रास्वपाले यो समिति कांग्रेसलाई दिएर आफूलाई लोकतान्त्रिक मूल्यमान्यताप्रति प्रतिबद्ध देखाउन खोजेको पनि हुन सक्छ । यसले रास्वपालाई 'नयाँ शक्ति' को रूपमा स्थापित गर्ने र परम्परागत राजनीतिक दलहरूसँगको सहकार्यका लागि ढोका खोल्ने अवसर पनि प्रदान गर्दछ। नेपाली कांग्रेसका लागि यो निर्णय अप्रत्याशित भए पनि महत्त्वपूर्ण उपलब्धि हो। निर्वाचनमा अपेक्षित सफलता हासिल गर्न नसके पनि कांग्रेसले सार्वजनिक लेखा समितिको नेतृत्व पाएर सरकारका गतिविधिमाथि निगरानी राख्ने र आफ्ना एजेन्डाहरूलाई अगाडि बढाउने अवसर प्राप्त गरेको छ। यसले कांग्रेसलाई प्रतिपक्षीको भूमिकालाई अझ प्रभावकारी बनाउन र जनतामाझ आफ्नो उपस्थिति बलियो बनाउन मद्दत पुग्नेछ। यद्यपि, यो जिम्मेवारीसँगै कांग्रेसमाथि सरकारको आलोचना गर्दा सन्तुलन कायम राख्नुपर्ने चुनौती पनि थपिएको छ।

समग्रमा, रास्वपाको यो कदमले नेपाली राजनीतिमा नयाँ आयाम थपेको छ । यसले सत्तापक्ष र प्रतिपक्षबीचको सम्बन्धलाई नयाँ ढंगले परिभाषित गर्ने सम्भावना बोकेको छ। यो निर्णयले तत्कालका लागि राजनीतिक स्थिरता कायम गर्न मद्दत पु¥याए पनि दीर्घकालमा यसको प्रभाव कस्तो रहन्छ, त्यो भने हेर्न बाँकी छ । तथापि, यसले संसदीय अभ्यासमा एक सकारात्मक संकेत दिएको छ, जहाँ दलहरूले सत्ताको भागबन्डाभन्दा माथि उठेर लोकतान्त्रिक प्रक्रियालाई सम्मान गरेको देखिन्छ।

के एआईले जागिर खाइदिन्छ ?



लिलाराज भट्टराई

काकरभिट्टादेखि क्यालिफोर्नियासम्म एउटै प्रश्न छ के आर्टिफिशल इन्टेलिजन्स (एआई) अर्थात कृतिम बुद्धिमताले जागिर खाइदिन्छ ? यसको प्रष्ट जवाफ हो खाइदिन्छ तर एआईले होइन, एआई जान्ने मान्छेले नजान्नेको जागिर खाइदिन्छन् । नेपालका लागि असली खतरा एआई होइन—असली खतरा एआईको युगमा पनि पुरानो शीपमै अडिइरहनु हो । जसले एआईलाई अस्त्र बनाउँछ, उसका लागि यो युग, अवसरको हो । जसले आँखा चिम्लेर बस्छ, उसका लागि यो युग, विस्थापनको समय बन्न सक्छ।

प्रश्न 'के एआईले जागिर खान्छ ?' भन्ने होइन । प्रश्न हो—'के म एआईसँगै अगाडि बढ्न तयार छु ?' एउटा उदाहरण हेरौँ, एउटा सफ्टवेयर कम्पनीमा काम गर्ने एक व्यक्ति गत वर्षसम्म कन्टेन्ट राइटरको रूपमा समेत कार्यरत थिए । दिनभरि ब्लग पोस्ट, प्रोडक्ट डेस्क्रिप्सन, र मार्केटिङ कपी लेख्ने उनको काम अचानक आधा भयो—कम्पनीले च्याटजीपीटी, जेमिनाई, क्लाउडजस्ता जेनेरेटिभ एआई टुल प्रयोग गर्न थालेपछि उनको काम सँगै कमाई पनि घट्यो । पहिले पाँच जना राइटरको काम अहिले एआई जानेका दुईजनालाई पनि पुगेन।

यो एक जना व्यक्तिको मात्र कथा होइन, यो एउटा युगको सुरुवात हो अर्थात एआईको युग । एआईका कारण काममा धेरै सजिलो भएको छ । घण्टौ लाग्ने काम मिनेटमै सकिने भएको छ । पाँचजनाले गर्ने काम एक जनाले सक्न थालिएको छ । जटिल समस्या सहजै समाधान गर्न सकिने भएको छ। जीवन झन् सहज बनाउन एआई एउटा युगान्तकारी प्रविधिका रुपमा उदाएको छ।

संसारभरि के भइरहेको छ ?

विश्व आर्थिक मञ्चको अनुमान अनुसार सन् २०३० सम्ममा नौ करोड २० लाख जागिर विस्थापित हुनेछन् । मञ्चको सन् २०२५ को 'फ्युचर अफ जब्स रिपोर्ट' अनुसार विश्वभरि ४१ प्रतिशत जागिर प्रदायकहरुले अर्को पाँच वर्षमा एआई स्वचालनका कारण जनशक्ति घटाउने योजना बनाइसकेका छन् । उनीहरू पाँच वर्ष कुर्ने छैनन् किनकी परिवर्तन अहिले नै हुन थालेको देखिन्छ।

सन् २०२५ को पहिलो छ महिनामा मात्रै ७७ हजार नौ सय ९९ प्रविधिसम्बन्धी जागिर गुमेका थिए । गोल्डम्यान स्याक्सका अनुसार एआईले विश्वभरि ३० करोड जागिर प्रभावित गर्न सक्छ, जुन विश्वको कुल रोजगारको ९.१ प्रतिशत हो।

कस्ता जागिर सबैभन्दा बढी जोखिममा छन् ?

पेनसिल्भानिया विश्वविद्यालय–ओपन एआईका अनुसन्धानकर्ताका अनुसार वार्षिक ८० हजार डलरसम्म कमाउने उच्च शिक्षित वाइटकलर जब्स स्वचालनको सबैभन्दा बढी जोखिममा छन् । एआईको बढदो प्रयोगले दोहोरिरहने र नियममा आधारित जागिर जोखिममा पर्ने छन् । डाटा इन्ट्री, कलसेन्टर, ग्राहक सेवा, कन्टेन्ट राइटिड, अनुवाद, उद्योगमा दोहोरिरहने कार्य, ग्राफिक डिजाइन, सफटवेयर प्रोगामिङ र लेखा क्षेत्रका जागिर जोखिममा पर्ने छन्।

एक अध्यनका अनुसार बैंकिङमा ५४ प्रतिशत जागिरमा एआई स्वचालनको उच्च सम्भावना छ। कानुनी क्षेत्रमा पारालिगलहरूले सन् २०२६ सम्ममा ८० प्रतिशत जोखिम सामना गर्नुपर्ने अनुमान छ । स्वास्थ्य क्षेत्रमा मेडिकल ट्रान्सक्रिप्सन स्वचालित भइसकेको छ । ब्लुमबर्गको अनुसन्धान भन्छ कि एआईले बजार अनुसन्धान विश्लेषकका ५३ प्रतिशत र बिक्री प्रतिनिधिका ६७ प्रतिशत कार्यहरू प्रतिस्थापन गर्न सक्छ । सेल्सफोर्सका सिइओ मार्क बेनियफका अनुसार एआईले अहिले कम्पनीको आधा काम सम्हाल्न थालेको छ । यसकारण उनले चार हजारभन्दा बढी ग्राहक सेवा कर्मचारी घटाएका छन् । बिएम कम्पनिले सयौँ मानव संशाधन भूमिकाहरू एआई च्याटबोटले प्रतिस्थापन गरेको छ।

सन् २०२५ को सुरुदेखि नै एआई–प्रभावित क्षेत्रमा काम गर्ने २० देखि ३० वर्षका युवाहरूमा बेरोजगारी झण्डै तीन प्रतिशत बिन्दुले बढ्यो । एआईले पाँच वर्षभित्र आधा प्रवेश स्तरका बौद्धिक मानिने 'वाइट कलर' जागिर हटाउन सक्ने एन्थ्रोपिकका सिइओ डारियो अमोडेईले कठोर भविष्यवाणी गरिसकेका छन्।

एआईले जागिर बढाउँछ

निष्पक्ष विश्लेषणका लागि यो पक्ष पनि हेर्नु जरुरी छ । विशेषज्ञहरूका अनुसार एआईका कारण जागिर गुम्ने भन्दा सिर्जना हुने सङ्ख्या बढी हुनेछ । विश्व आर्थिक मञ्चको अनुमान अनुसार सन् २०३० सम्ममा नौ करोड २० लाख जागिर विस्थापित हुनेछन् तर एआईकै कारण १७ करोड नयाँ जागिर सिर्जना हुनेछन् । विश्वमा सात करोड ८० लाख जागिरको शुद्ध वृद्धि हुनसक्छ अर्थात एआईको बजार प्रभाव समग्रमा सकारात्मक हुनसक्छ। एआई इन्जिनीयर भूमिकाहरूमा १४० प्रतिशतभन्दा बढी माग वृद्धि भइरहेको छ।

औद्योगिक क्रान्तिले मिलमा काम गर्नेहरूलाई विस्थापित ग¥यो तर त्यसले थप उद्योगहरू र थप रोजगारी पनि सिर्जना ग¥यो । सन् १९७० को दशकमा कम्प्युटर क्रान्तिले धेरै रोजगारी विस्थापन गर्दा त्यो भन्दा बढी रोजगारी बढेको हामीले देखे भोगेकै हो । ३० वर्षको अन्तरमा कम्प्युटर दैनिक जीबनको हिस्सा बन्यो । सन् २०२७ सम्ममा भारतमा मात्र २३ लाख एआईसम्बन्धी नयाँ जागिर खुल्ने प्रक्षेपण गरिएको छ। त्यसैले एआई क्रान्तिले पनि रोजगार विस्थापन भन्दा बढाउने अवस्था छ।

एक अध्ययनका अनुसार एआई सीपहरू भएका पेशेवरहरूले उही भूमिकामा सीप नभएका साथीहरूको तुलनामा ५६ प्रतिशतसम्म बढी तलब पाउँछन् । यो तथ्याङ्कले एआईसँग लड्न खोज्नुभन्दा एआई सिक्नु लाभदायक छ भन्ने एउटा स्पष्ट सन्देश दिन्छ । नेपाली फ्रिल्यान्सरहरूका लागि एउटा अभूतपूर्व अवसर खुलेको छ, सही उपकरणहरूसहित विराटनगरको एक डेभलपर वा पोखराको एक डिजिटल मार्केटरले अमेरिका वा युरोपमा उच्च पारिश्रमिकका लागि प्रतिस्पर्धा गर्न र विदेशी मुद्रा नेपाल ल्याउन सक्छन्।

नेपालको अवस्था के छ ?

नेपाललाई यो प्रश्नले फरक तरिकाले छुन्छ। हाम्रो अर्थतन्त्र कृषि, पर्यटन र रेमिट्यान्समा आधारित भएकाले प्रत्यक्ष खतरा तत्काल महशुस नहुन सक्छ तर अप्रत्यक्ष असर गहिरो हुनेछ। नेपालका ६० प्रतिशतभन्दा बढी श्रमिक कृषि वा म्यानुअल कामहरूमा छन्, जसले एआई–प्रेरित जोखिम तत्काललाई सीमित राख्छ। तर बलियो डिजिटल सीप र क्षमताबिना नेपाल उच्च मूल्यको वैश्विक अर्थतन्त्रमा पछाडि पर्न सक्छ।

नेपालमा पूर्णकालीन नियमित जागिर तीव्र रूपमा घटेका छन् भने आउटसोर्स र करार कामहरू उल्लेखनीय रूपमा बढेका छन् । नेपालको विपिओ (बिजनेस प्रोसेस आउटसोर्सिङ) क्षेत्र विशेष रूपमा संवेदनशील छ। नेपालको अर्थतन्त्र सेवा क्षेत्र, बिओपी र प्रशासनिक भूमिकाहरूमा भारी निर्भर छ—यी नै क्षेत्र स्वचालनका लागि सबैभन्दा बढी उपयुक्त छन्।

नेपालमा सरकारले सन् २०२४–२०३४ लाई सूचना प्रविधिको दशक घोषणा गरेको छ। यसमा १५ लाख नयाँ प्राविधि जागिर र दशकभित्र ३० खर्ब नेपाली रुपैयाँको आइटी सेवा निर्यात गर्ने लक्ष्य राखेको छ। यो महत्वाकांक्षी लक्ष्य हो तर यसका लागि एआईलाई चुनौतीको रूपमा होइन, अवसरको रूपमा बुझ्नुपर्छ।

सरकारले के गरिरहेको छ ?

नेपाल सरकारले राष्ट्रिय एआई नीति २०८२ आधिकारिक रूपमा अनुमोदन गरिसकेको छ। यो ढिलै भए पनि देशको डिजिटल रूपान्तरण यात्रामा एक महत्वपूर्ण उपलब्धि हो। यो नीतिले स्वास्थ्य, शिक्षा, कृषि र सार्वजनिक प्रशासन क्षेत्रमा एआईको रणनीतिक एकीकरणको कल्पना गरेको छ। नेपाल सरकारले पाँच वर्षभित्र एआई क्षेत्रमा कम्तीमा पाँच हजार जनशक्ति तयार गर्ने लक्ष्य राख्दै एआईसम्बन्धी नयाँ नीति कार्यान्वयनमा ल्याएको हो । यो नीतिले अन्तरराष्ट्रिय आधारभूत सिद्धान्त र प्रचलनसँग अनुकूल हुने गरी एआईको अनुसन्धान, विकास र प्रयोगलाई दिशानिर्देश गर्न नेपालमा एआई नियमन परिषद् स्थापना गर्ने रणनीति लिएको छ।

एआईलाई आर्थिक तथा सामाजिक क्षेत्रमा अधिकतम उपभोग गर्ने प्रतिबद्धतासहित उक्त नीतिमा विश्वव्यापी सूचकाङ एआई रेडिनेस इन्डेक्समा नेपालको स्थानलाई शीर्ष ५०औँ स्थानभित्र पु¥याइने उल्लेख गरिएको छ। नीतिले एआईका कारण सम्भावित जागिर गुम्ने स्थितिलाई व्यवस्थापन गर्न र यसका सामाजिक तथा आर्थिक परिणामलाई सम्बोधन गर्न संयन्त्र स्थापना गर्ने कुरा पनि उल्लेख गरेको छ। संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी)ले एआईले नेपालको विकासलाई अवसर र चुनौती दुबै दिने बताएको छ।

एआईलाई मानव–केन्द्रित तथा क्षमता स्वचालित गर्नभन्दा बढाउने दिशामा विकास गर्नु जरुरी छ भन्ने कुरामा युएनडिपीले जोड दिएको छ । समग्रमा एआईले जागिर खाने नभएर पहिलेको भन्दा बढी जागिर उत्पादन गर्छ भन्न सकिन्छ । यसले दोहोरिने, यान्त्रिक कामहरू हटाउँछ तर यसले मानवीय रचनाशीलता, सहानुभूति र जटिल निर्णय–क्षमता प्रतिस्थापन गर्न सक्दैन। रासस

सुपारी, मरिच, केराउजस्तै तस्करीको नयाँ बस्तु खरबुजाको बीउ



रितेश त्रिपाठी

खरबुजाको बीउ अर्थात् 'मेलोन सीड'को पनि तस्करी हुने गरेको पाइएको छ । भारतले स्वदेशी किसानको हित संरक्षण गर्न लिएको नीतिले त्यहाँ विदेशबाट सिधै खरबुजाको बीउ आयात गर्न पाइँदैन। तर नेपाल आयात गरेर भारततर्फ अवैध निकासी हुने गरेको पाइएको हो।

स्थानीय कृषि उत्पादनलाई प्रोत्साहन गर्न भारतको कृषि तथा किसान कल्याण विभागको सिफारिसमा त्यहाँ भन्सार महसुलको दरहरू समायोजन र निर्धारण गरिन्छ । यसले विभिन्न बस्तुलाई विदेशबाट आयातमा 'महसुलमा आधारित अवरोध'देखि 'प्रतिबन्ध'सम्म हुने गर्छ । भारतका लागि खरबुजाको बीउ त्यस्तै 'प्रतिबन्धित' श्रेणीमा रहेको बस्तु हो।

कतिपय भारतीयले यसलाई परिकार बनाउन र पौष्टिक आहारका लागि 'ड्राई फ्रुट्स'को रूपमा पनि प्रयोग गर्ने हुँदा महँगो बस्तु मानिन्छ। यसको माग स्वदेशी उत्पादनले नधानेपछि भारतले गत वर्ष दुई महिना आयात खुल्ला गरेको थियो । तर २०२४ जुलाई १ (२०८१ असार १७) देखि पुनः प्रतिबन्धित श्रेणीमा राखेको छ।

त्यसयता नेपालमा यसको आयात अपत्यारिलो तरिकाले बढेको छ । यसको आयातमा अचानक भएको वृद्धि भारततर्फ तस्करी गर्ने सञ्जालको सक्रियताकै कारण भएको सरकारी अधिकारी बताउँछन्।

आयात ५८ गुणाले वृद्धि

भन्सार विभागको तथ्यांकअनुसार चालु आर्थिक वर्ष २०८२–८३ को पछिल्लो आठ महिनामा गत आर्थिक वर्षको यसै अवधिको तुलनामा खरबुजाको बीउको आयात साढे ५८ गुणाले बढेको छ। पोहोर फागुनसम्म जम्मा २ सय १ टन खरबुजाको बीउ आयात भएको थियो । यो वर्ष सोही अवधिमा ११ हजार ७ सय ५६ टन आयात भएको छ।

औसत रूपमा मासिक आयात दर करिब २५.२५ टन रहेको खरबुजाको बीउ अचानक वृद्धि भई १४ सय ७० टन पुगेको छ । 'सामान्य रूपमा बस्तुको आयात नियमितभन्दा १०–२० प्रतिशत बढी वा घटी भयो भने त्यसको मूल्य वा मागमा आएको परिवर्तनले गर्दा भएको मानिन्छ, तर अपत्यारिलो रूपमा आयात वृद्धि भयो भने तस्करीले गर्दा हो भन्नेमा सन्देह आउँदैन,' भन्सार विभागअन्तर्गत रहेर लामो समय काम गरेका अर्थ मन्त्रालयका एक अधिकारी भन्छन्, 'नेपाल र भारतमा हुने भन्सार महसुल र करहरूको दरको हेरफेर हुँदा खुल्ला सीमाका कारण चोरी निकासी र चोरी पैठारी हुने गरेको छ, यो एउटा समस्या नै हो।'

सीमा सुरक्षाका जानकारहरू यस्तो तस्करी नियन्त्रण गर्न सकिने विषय भए पनि नीतिगत दृढताको अभावमा सधैँ समस्या भइरहेको बताउँछन् । सशस्त्र प्रहरी बलका पूर्व एआईजी नारायणबाबु थापा सीमामा चोरी निकासी र पैठारी प्रवृत्ति नै भएको बताउँछन् । सुरक्षाकर्मीले कडाई गर्दा सामान समातेको भन्दै विरोध आउने र नसमाउँदा पैसा खायो भन्ने आरोप आउने गरेको उनको भनाइ छ।

'कुनै स्वार्थ नराखी राम्रो गरौँ भन्यो भने नियन्त्रण सम्भव छ, तर सबैका स्वार्थ छन्,' थापा भन्छन्, 'सीमा क्षेत्रमा नेतादेखि लिएर अरू सबैको तदारुकता यसलाई नियन्त्रण गरेर राजस्व बढाऔँ भन्ने देख्दिनँ। राम्रोसँग प्रयास ग¥यो भने सकिन्छ पनि।'

वैध आयात, अवैध निकासी

वैध आयात र अवैध निकासी हुने बस्तु फेरिने तर प्रवृत्ति उस्तै हुने देखिएको सशस्त्र प्रहरी बलका पूर्व एआईजी थापा बताउँछन्। खासगरी, भारतमा कृषि तथा किसान कल्याण विभागले गर्ने विदेशी आयातमा नियन्त्रणबाट नेपालमा आयातित बस्तुको सीमा वारि र पारि हुने मूल्य अन्तरले तस्करीको आधार बन्छ। त्यसपछि कृषि उत्पादनमा आधारित तयारी बस्तु, अद्धतयारी बस्तु र औद्योगिक कच्चा पदार्थको यस प्रकारको तस्करी हुने गरेको देखिन्छ।

मूलतः यस विभागले बस्तुको आन्तरिक उपलब्धता र किसानको हितबीच सन्तुलन कायम गर्न कृषि वस्तुहरूको आयात–निर्यातसम्बन्धी नीतिगत सिफारिसहरू तयार गर्छ। भन्सार तथा अन्तःशुल्कमा परिमार्जन गर्न विभिन्न आन्तरिक विभागहरूसँग र अन्तर–मन्त्रालय समन्वय यसले गर्छ। यसले संवेदनशील कृषि वस्तुहरूको आयातलाई निगरानी गर्नुको पछाडि 'सस्तो आयातका कारण आन्तरिक उत्पादक वा किसानहरूलाई मर्का नपरोस्' भन्ने उद्देश्य रहन्छ।

यसै क्रममा भारतीय सुपारीको मूल्य आयातित सस्तो सुपारीको प्रतिस्पर्धामा खस्केर किसानलाई मर्का नपरोस् भनेर त्यहाँ सुपारी आयात प्रतिबन्धित हुँदा नेपालमा आयात बढेको थियो । त्यस बेला सुपारीको चोरी निकासीको संगठित धन्दा स्वदेशी तथा विदेशी सञ्चारमाध्यममा समाचार बनेका थिए।

त्यसपछि अचानक मरिचको आयात गरी भारततर्फ चोरी निकासी गर्ने धन्दा फस्टायो । मरिचपछि केराउ, छोकडा र पोस्तादाना जस्ता बस्तु पनि तेस्रो मुलुकबाट आयात गरी भारततर्फ चोरी निकासी भयो।

साढे ६ दशकको सञ्जाल

यस्तो तस्करीका सञ्जाल निकै बलियो र संगठित भइसकेको नेपाल–भारत सीमासम्बन्धी मामिलाका जानकार भारत रक्सोलका सामाजिक अगुवा महेशकुमार अग्रवाल बताउँछन् । तस्करहरूले करिब साढे ६ दशकमा सीमा वारपार दुवैतिर राजनीतिक, सामाजिक र प्रशासनिक पकड बलियो बनाएको उनको भनाइ छ।

विसं. २०१८ (सन् १९६२) मा चिनियाँ बस्तुको व्यापार गर्नेगरी नेपालमा स्थापना भएको नेसनल ट्रेडिङबाट आयातित बस्तुको भारततिर तस्करी हुने सिलसिला शुरू भएको थियो। खासमा सन् १९६२ को चीन–भारत युद्धपछि नेपालमा भारतमाथि निर्भरताको विकल्पको खोजीमा तेस्रो मुलुकसँगको आयातमा जोड दिन थालेपछि तस्करीको वातावरण पनि बनेको अग्रवाल बताउँछन्।

चीन–भारत युद्धपछि राजा महेन्द्रले 'सहायता विविधीकरण, व्यापार र वैदेशिक सम्बन्ध नीति' ल्याएर भारतमाथिको निर्भरता घटाउने प्रयास गरेको त्रिभुवन विश्वविद्यालयको अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति विभाग अन्तर्गत गरिएको अशोकराज पाण्डेको शोधमा उल्लेख छ। 'सीमावर्ती शहरहरूमा नेसनल ट्रेडिङको बिक्री केन्द्रहरू खुलेपछि त्यसको सामान भारततिर पनि रुचाइन्थ्यो । त्यहाँ सिसाकलम, विदेशी मदिरादेखि ठूला मेसीनरी सामान पनि पाइन्थ्यो,' उनी भन्छन्, 'त्यहाँ सामान किन्नकै लागि भारतीयहरू टाढा टाढाबाट पुग्थे । कतिपय बस्तुको संगठित तस्करी पनि भयो।'

नेसनल ट्रेडिङले चीनबाट भित्र्याउने कपडा, एमरजेन्सी लाइट, टर्च, विद्युतीय मोटर, ब्याट्री र छाताजस्ता बस्तु भारततर्फ चोरी निकासीको सिलसिलाबाट शुरू यो प्रवृत्ति कृषि उत्पादमा पुगेको छ। सन् १९९० यता त्यस्ता कृषि उत्पादनका बस्तु विदेशबाट नेपाल आयात गरेर भारत निकासीको धन्दा मौलाएको अग्रवालको भनाइ छ।

सन् १९९० को दशकमा विदेशबाट लसुन र पोस्तादाना आयात गरेर भारत निकासी हुन्थ्यो । त्यसपछि सुपारी, मरिच, केराउ, छोकडा र पुनः पोस्तादानाको वैध आयात र अवैध निकासी भएको देखिन्छ। (उकालो)

काठमाडौँ महानगर र नेपाल प्रहरीबीच सहकार्य गर्ने बारे छलफल



काठमाडौँ ।
काठमाडौँका सडक र सहरी सुरक्षाका लागि काठमाडौँ महानगरपालिकाले नेपाल प्रहरीसँग सहकार्य गर्ने भएको छ ।
महानगरपालिकाकी कार्यवाहक प्रमुख सुनिता डङ्गोल र प्रहरी महानिरीक्षक दानबहादुर कार्कीबीच बिहीबार भेट भएको थियो ।
भेटमा काठमाडौँभित्रका सडक, सहरी सुरक्षा र सहरी व्यवस्थापन थप बलियो बनाउन सहकार्य गर्ने विषयमा छलफल भएको महानगरपालिकाले जनाएको छ ।
कार्यवाहक प्रमुख डङ्गोलले सडक सुरक्षा र ट्राफिक व्यवस्थापन, अतिक्रमित सार्वजनिक जग्गा संरक्षण र उपयोग, अव्यवस्थित बसोबास व्यवस्थापन, सहरी व्यवस्थापन, सडक मानवमुक्त बनाउने अभियानलगायत विषयमा महानगरपालिकाले नेपाल प्रहरीसँग सहकार्य गर्न चाहेको बताए ।
भेटमा प्रहरी महानिरीक्षक कार्कीले महानगरपालिकालाई आवश्यक पर्ने सुरक्षा सहयोग उपलब्ध गराउन आफू तयार रहेको बताए । 'उपत्यका प्रहरी कार्यालयमार्फत
महानगरपालिकाका काममा समन्वय हुनेछ, यसका लागि हामीले 'फोकल पर्सन' तोकेका छौँ,' महानिरीक्षक कार्कीले भने । रासस

शुल्क फिर्ता निर्देशनपछि निजी विद्यालयमाथि अभिभावकको दबाब

काठमाडौँ ।
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले निजी लगानीका विद्यालयहरुले कानून विपरीत उठाउँदै आएको भर्ना र अन्य शुल्क फिर्ता गराउन निर्देशन दिएपछि अभिभावकहरुले नियमितरुपमा गुनासो टिपाउन थालेका छन् ।
मन्त्रालयको निर्देशन कार्यान्वयनका लागि लिखित रुपमा सबै स्थानीय तहलाई अनुरोध गर्नाका साथै भक्तपुरस्थित शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा सहायता कक्ष स्थापना गरिएको छ ।
केन्द्रका निर्देशक निर्मलप्रसादसिंह राठौरले विद्यार्थी भर्ना शुल्कलगायत विषयमा विभिन्न माध्यमबाट सरकारी निकायलाई प्राप्त गुनासा समयमा सम्बोधन गरी सेवा प्रवाहको प्रभावकारिता वृद्धिमा सहायता कक्ष क्रियाशील रहेको राससलाई बताए ।
'मेरो मोबाइल नम्बर र इमेल पनि सार्वजनिक गरिएकाले मलाई हरेक क्षण अभिभावकको फोन आइरहन्छ । उठाएरै भ्याइन्न,' निर्देशक राठौरले भने, 'फोनबाट समाधान हुने विषय फोनबाटै नै सम्बोधन गर्दै आएको छु । इमेबाट प्राप्त गुनासा एकीकृत गरेर महानिर्देशकसमक्ष पेस गरेको छु । कतिपय अभिभावकमा भर्ना र वार्षिक शुल्कका विषयमा अस्पष्टता भएकाले पनि गुनासो बढेको पाइएको छ ।'
शिक्षा नियमामवली, २०५९ (संशोधनसहित) को नियम १४६ मा विद्यालयले लिन पाउने शुल्क तथा धरौटीको व्यवस्था छ । दफामा विद्यालयले मासिक पढाइ शुल्क, कुल दुई महिनाको पढाइ शुल्क बराबरको रकममा नबढ्ने गरी खेलकुद, अतिरिक्त क्रियाकलाप, प्रयोगशाला, मर्मत सम्भार, पुस्तकालय र प्राथमिक उपचार, वार्षिक शुल्क, विद्यालयमा पहिलो पटक भर्ना हुँदा एक पटकको लागि भर्ना हुने कक्षाको मासिक पढाइ शुल्कमा नबढ्ने गरी भर्ना शुल्क लिन पाउने प्रबन्ध गरिएको छ ।
यसैगरी, विविध शीर्षकमा परीक्षा शुल्क, कम्प्युटर शुल्क, स्थानान्तरण प्रमाणपत्र शुल्क, विशेष प्रशिक्षण (जुडो, मार्शल आर्टस्, पौडी, गायन, नृत्य) शुल्क, आवास शुल्क, परिवहन शुल्क, भोजन शुल्क लिन सकिने नियमावलीले व्यवस्था गरेको छ ।
नियमावलीको नियम १४७ मा विद्यालयले विद्यार्थीसँग लिने अधिकतम् शुल्क विद्यालयको वर्गीकरणका आधारमा तोकी सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाले शैक्षिकसत्र सुरु हुनु भन्दा तीन महिना अगावै सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था छ ।
विद्यालय व्यवस्थापन समितिले शिक्षक–अभिभावक सङ्घको कार्यकारी समितिसँग परामर्श गरी तोकिएको अधिकतम शुल्क सीमाभित्र रही शैक्षिकसत्र सुरु हुनु दुई महिना अघि समन्वय इकाइमा पेस गर्नुपर्ने भनिएको छ । इकाइले प्रस्तावको जाँचबुझ गरी शुल्कको दर तोकी सूचना प्रकाशन गर्नेछ । शुल्क व्यवस्थापन तथा अनुगमनका लागि केन्द्रका महानिर्देशकको संयोजकत्वमा केन्द्रीय समिति गठनको व्यवस्था गरिएको छ ।
मन्त्रालयले कानून विपरीत लिइएको भर्ना शुल्क र संस्थागत विद्यालय शुल्क निर्धारण माापदण्ड निर्देशिका, २०७२ द्वारा निर्धारित बाहेक अन्य शुल्कलाई फिर्ता गराउन कानूनी प्रक्रिया अघि बढाउन गत चैत २२ गते सम्बन्धित सबै स्थानीय तहलाई अनुरोध गरेको थियो ।
आफूखुसी शुल्क लिएर फिर्ता नगर्ने विद्यालयलाई शिक्षा ऐन, २०२८ बमोजिम कारवाही हुन सक्रेतर्फ मन्त्रालयले सचेत गराएको थियो । शुल्क फिर्ता निर्देशनपछि निजी विद्यालयमाथि अभिभावकको दबाब बढेको छ । सरकारले यही वैशाख १५ गतेदेखि नयाँ शैक्षिकसत्र प्रारम्भ गर्न निर्देशन दिएको छ । रासस

विश्व शान्तिको कामना गर्दै बुद्ध जयन्ती मनाइने

काठमाडौँ ।
विश्व सम्पदा सूचीमा सूचीकृत बौद्धनाथ चैत्य क्षेत्रमा बुद्ध जयन्तीलाई सफलतापूर्वक मनाउने उद्देश्यले सरोकार भएका निकायका प्रतिनिधिसँग बिहीबार छलफल भएको छ । विश्व शान्तिको कामना गर्दै मनाउन लागिएको बुद्ध जयन्तीको तयारी गर्ने सन्दर्भमा बौद्ध घ्याङसहित चैत्य क्षेत्रमा रङरोगन सुरु गरिएको छ भने बौद्ध क्षेत्रलाई सिँगार्न थालिएको हो ।
यसै अवसरमा बौद्ध तथा मेलम्ची घ्याङ गुठीले बिहीबार २५७०औँ बुद्ध जयन्ती मनाउने विषयमा सरोकार भएका सङ्घसंस्था एवम् सरकारी निकायका अधिकारीहरूसँग छलफल गरेको छ । कार्यक्रममा घ्याङ गुठीका अध्यक्ष चिनियाँ लामा भूपतिबज्र लामाले यस क्षेत्रको धर्म, संस्कृति, इतिहास र परम्परा जोगिने गरी बुद्ध जयन्ती मनाउने तयारी सुरु भएको जानकारी दिए ।
बौद्ध क्षेत्रकै पहिलो गुम्बाका रूपमा बौद्ध घ्याङ स्थापित भएकाले यसको महत्त्व स्थापित गर्न बुद्ध जयन्ती विशेष रूपमा मनाउने गरी तयारी गरिएको पनि उनले बताए ।
बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिका कार्यवाहक अध्यक्ष आचार्य छेवाङ रिग्जेन तामाङले बौद्ध क्षेत्रमा रहेका सबै सङ्घसंस्थाले एउटै मूल समारोह समिति बनाएर बुद्ध जयन्ती मनाउनुपर्ने बताए । विश्व सम्पदा क्षेत्र बौद्धमा मनाइने बुद्ध जयन्ती कार्यक्रमलाई मौलिक बनाइनुपर्नेमा पनि उनले जोड दिए ।
बौद्ध घ्याङ गुठीका सल्लाहकार आनन्दबज्र लामाले वर्षमा एक दिन बुद्ध जयन्ती मनाएर मात्र नहुने बताउँदै बुद्धका सन्देश प्रयोग र अभ्यास गर्नुपर्नेमा जोड दिए । बौद्ध क्षेत्रका धार्मिक, सांस्कृतिक एवम् सामाजिक संस्थालाई जोडेर एउटै बुद्ध जयन्ती समारोह मनाउन पनि उनले सुझाव दिए ।
घ्याङ गुठीका प्रबन्धक टासीग्याल्जेन शेर्पा (मिथुन चाङ्बा भोटे) ले विश्वका विभिन्न देशमा युद्ध भइरहेको र विश्व शान्तिमा खलल पुग्न गएकाले यस वर्षको बुद्ध जयन्ती विश्व शान्तिका लागि प्रार्थना गर्दै मनाउने गरी विभिन्न कार्यक्रम तय गर्न अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको जानकारी दिए । कार्यक्रममा प्राप्त सुझावका आधारमा कार्यक्रम तय गरिने जनाउँदै उनले मूल समारोह समिति पनि गठन गरिने उल्लेख गरे ।
कार्यक्रममा विभिन्न सङ्घसंस्थाका प्रतिनिधिले बुद्ध जयन्तीमा सुरक्षा व्यवस्था सुदृढ बनाइनुपर्ने, बौद्ध क्षेत्रलाई शान्ति क्षेत्रका रुपमा स्थापित गरिनुपर्ने, विश्वमा अशान्ति मडारिएका बेला बुद्ध जन्म देश नेपालबाट विश्वव्यापी रुपमा शान्तिको सन्देश प्रवाह गर्न चक्रपथ ढाक्रे गरी शान्तिको कामना गर्दै मानव साङ्लो बनाइनुपर्नेलगायत सुझाव दिएको थियो ।
विसं १९०७ को नेपाल–चीन युद्धपछि नेपालका गुम्बामा चिनियाँ लामा परम्परा सुरु भएको जानकारी कार्यक्रममा गराइएको थियो ।
यो परम्परा अहिले बौद्ध र मेलम्ची घ्याङमा छ । दुवै घ्याङलाई समेटेर गुठी संस्थानअन्तर्गत रहने गरी श्री बौद्ध तथा मेलम्ची घ्याङ गुठी नामकरण गरिएको चिनियाँ लामाका स्वकीय सचिव हरिश गोले तामाङले कार्यक्रममा जानकारी दिए । रासस

शिक्षाको सुधारका लागि मन्त्रीसमक्ष सुझाव पेस

काठमाडौँ ।
प्राज्ञिक विद्यार्थी परिषद् नेपालले नेपालको शिक्षा प्रणालीमा देखिएका संरचनात्मक, नीतिगत तथा गुणस्तरीय समस्या समाधान गर्न 'शिक्षाको समग्र सुधारका लागि सुझाव पत्र २०८३' सरकारसमक्ष सुझावस्वरूप बुझाएको छ ।
परिषद्का राष्ट्रिय अध्यक्ष प्रा. डा. दयाराम भुसाल नेतृत्वको टोलीले शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेललाई भेटगरी सुझावपत्र बुझाएको हो । परिषद्ले शिक्षा क्षेत्रलाई राष्ट्र निर्माणको मुख्य आधार मान्दै अल्पकालीन, मध्यकालीन र दीर्घकालीन स्पष्ट दृष्टिकोणसहित सुधारका योजना ल्याउन आग्रह गरेको छ ।
सुझावपत्रमा विद्यालय शिक्षा विधेयक, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, राष्ट्रिय योग्यता प्रारूपलगायत महत्वपूर्ण विधेयक शीघ्र जारी गर्नसमेत सरकारसमक्ष आग्रह गरिएको छ ।
परिषद्ले सुझावमा विशेष गरेर प्रवेश, परीक्षा, परिणाम, पाठ्यक्रम र परिसरसँग जोडिएका विषयलाई समावेश गरी सुझावपत्र तयार गरेर पेस गरेको छ । सुझावपत्रमा नेपाली भाषालाई शिक्षाको आधिकारिक माध्यम भाषा बनाउने, मातृभाषा तथा नेपाली भाषामा पठनपाठन र परीक्षा सञ्चालन सुनिश्चित गर्ने विषयलाई विशेष प्राथमिकता दिइएको छ ।
साथै, शिक्षा क्षेत्रमा विदेशी प्रभाव कम गर्दै कुल राष्ट्रिय बजेटको न्यूनतम २० प्रतिशत शिक्षा क्षेत्रमा विनियोजन गर्न शिक्षामन्त्रालयसमक्ष सुझाव प्रस्तुत गरिएको छ । परिषद्ले शिक्षक व्यवस्थापनमा देखिएको अव्यवस्था, विषयगत शिक्षक अभाव, राजनीतिक हस्तक्षेप, सरुवा–बढुवा प्रक्रियाको अस्पष्टता तथा सेवासुविधाको समस्या समाधान गरी योग्यता र क्षमताका आधारमा शिक्षक नियुक्ति प्रणाली विकास गर्नुपर्ने उल्लेख गरेको छ ।
त्यस्तै, सुझावपत्रमा विद्यालय तहदेखि नै नैतिक शिक्षा, नागरिक शिक्षा, संस्कृत शिक्षा, योग, विज्ञान तथा सूचना प्रविधि प्रयोगशालाजस्ता विषयलाई अनिवार्य बनाउँदै व्यावहारिक, प्रयोगात्मक र जीवनोपयोगी शिक्षामा जोड दिनुपर्ने भनिएको छ । पाठ्यक्रमलाई नेपालको भूगोल, इतिहास, संस्कृति, कृषि, पर्यटन, ऊर्जा र उत्पादनमुखी आवश्यकतासँग जोडेर पुनःसंरचना गर्नुपर्ने विषयमा सरकारको ध्यानाकर्षण गराएको छ ।
आधारभूत र माध्यमिक शिक्षालाई निःशुल्क गर्ने, विद्यालयमा घट्दो संख्याका कारण विद्यालयको पुनःनक्साङ्कन गर्नुपर्ने, बालमनोविज्ञानका आधारमा अध्यापन गरिनुपर्ने, विद्यार्थीको शारीरिक, मानसिक, बौद्धिक र आध्यात्मिक विकासका लागि शिक्षामा सोहीअनुसारको वातावरण निर्माण गरिनुपर्ने विषयलाई केन्द्रमा राख्दै सुझावपत्र प्रस्तुत गरेको छ ।
विद्यालय तहमा बढ्दो 'ड्रपआउट', इन्टरनेट र पुस्तकालय अभाव, ग्रामीण तथा हिमाली क्षेत्रका विद्यालयमा न्यून विद्यार्थी अनुपात र शिक्षक दरबन्दी असन्तुलनजस्ता समस्या समाधान गर्न विशेष योजना ल्याउनका लागि सुझावपत्रमार्फत नेपाल सरकारको ध्यानाकर्षण गराएको छ ।
त्यस्तै उच्च शिक्षातर्फ विश्वविद्यालयमा बढ्दो राजनीतिक हस्तक्षेप, अनुसन्धानको कमजोर अवस्था, विदेशी विश्वविद्यालयका अनियमित कार्यक्रम, दक्ष जनशक्ति पलायन तथा रोजगारसँग असम्बद्ध पाठ्यक्रमप्रति गम्भीर बन्दै यथाशीघ्र समस्याको समाधानका लागि आग्रह गरिएको छ । सुझावपत्रमा विश्वविद्यालयलाई अनुसन्धान, नवप्रवर्तन, रोजगार र राष्ट्रिय आवश्यकतासँग प्रत्यक्ष जोड्ने नीति अवलम्बन गर्न आग्रह गरिएको छ ।
यसैगरी, प्राविधिक तथा व्यावसायिक शिक्षालाई श्रम बजारसँग जोडेर 'सिक्दै कमाउँदै' मोडेल लागू गर्नुपर्ने, कृषि, स्वास्थ्य, विज्ञान तथा सूचना प्रविधिमा विशेष अनुसन्धान केन्द्र स्थापना गर्नुपर्ने, तथा प्रत्येक प्रदेशमा विशिष्ट अनुसन्धान केन्द्र सञ्चालन गर्नुपर्ने माग गरिएको छ ।
शिक्षा सुधार केबल पाठ्यक्रम परिवर्तनमा सीमित नभई नीति, भाषा, शिक्षक, पूर्वाधार, बजेट, अनुसन्धान, रोजगारी र राष्ट्रिय चरित्र निर्माणसँग जोडिएको समग्र विषय भएकाले सरकार, विश्वविद्यालय, शिक्षक, अभिभावक र विद्यार्थी सबैको साझा प्रयास आवश्यक रहेकोसमेत जानकारी गराउँदै त्यसमा रचनात्मक भूमिका निर्वाह गर्नमा परिषद्ले सहयोग गर्ने जानकारी गराएको छ । रासस

सभामुखसँग एनएफपिजेका प्रतिनिधिको भेट



काठमाडौँ ।
सभामुख डिपी अर्यालसँग राष्ट्रिय फोटो पत्रकार समूह (एनएफपिजे) नेपालमा आबद्ध फोटो पत्रकारहरूको टोलीले भेटगरी संसदीय रिपोर्टिङका क्रममा फोटो पत्रकारले भोग्नुपरेका समस्याका बारेमा जानकारी गराएका छन् ।
सिंहदरबारस्थित सभामुखको कार्यकक्षमा बिहीबार भएको भेटमा एनएफपिजे नेपालका अध्यक्ष प्रदीपराज वन्तसहितको टोलीले संसदीय रिपोर्टिङका समस्याबारी जानकारी दिँदै समाधानका लागि आग्रह गरेका हुन् ।
सभामुख अर्याललाई अध्यक्ष वन्तले पदभार सम्हालेकामा बधाई दिँदै फोटो पत्रकारहरूले कार्यक्षेत्रमा सामना गरिरहेका विभिन्न चुनौतीबारे जानकारी गराए । उनले विशेषगरी संसद् परिसरमा काम गर्ने फोटो पत्रकारहरूलाई आवश्यक सहजीकरणका लागि समन्वयात्मक पहल गरिदिन आग्रह गरे ।
सभामुख अर्याललले हाल संसद् बैठक अस्थायी संरचनाबाट सञ्चालन भइरहेको उल्लेख गर्दै नयाँ संसद् भवन सञ्चालनमा आएपछि यस्ता समस्या क्रमशः समाधान हुने विश्वास व्यक्त गरे । नयाँ भवन सञ्चालनका लागि आवश्यक तयारी तीव्र रूपमा अगाडि बढाइएको जनाउँदै उनले निकट भविष्यमै नयाँ भवनमा वैठक सुरु गर्ने योजना रहेको उनले बताए । फोटो पत्रकारहरूको पेसागत हकहित र कार्यसुविधा सुनिश्चित गर्न आफू सकारात्मक रहेको उल्लेख गर्दै सभामुख अर्याललले आवश्यक सहयोगका लागि प्रतिबद्धता व्यक्त पनि व्यक्त गरे । रासस

प्रतिनिधिसभा अन्तर्गत समितिका सदस्य हेरफेर

काठमाडौँ ।
सभामुख डोलप्रसाद अर्याललले प्रतिनिधिसभाका विषयगत समितिमा रहनुहुने सदस्यको नामावली हेरफेर गरेका छन् । सभामुखले सङ्घीय संसद्को संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८० र प्रतिनिधिसभा नियमावली, २०७९ बमोजिम गठित समितिमा रहने सदस्यको नामावली हेरफेर गरेका हुन् ।
संसदीय सुनुवाइ समितिमा सदस्य रञ्जु न्यौपानेको स्थानमा सांसद पुनमकुमारी अग्रवाल र सांसद चन्दनकुमार सिंहको स्थानमा दीपकराज बोहोरा रहनेगरी हेरफेर भएको छ ।
सांसद राम लामा र सांसद गणेश कार्की राज्य व्यवस्था तथा सुशासन समितिबाट अन्तरराष्ट्रिय सम्बन्ध र पर्यटन समिति, जगदीश खरेल (ललितपुर) शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिबाट अन्तरराष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा हेरफेर भएका हुन् ।
त्यस्तै, सांसदहरू दीपकराज बोहरा र बब्लु गुप्ता अन्तरराष्ट्रिय सम्बन्ध र पर्यटन समितिबाट राज्यव्यवस्था तथा सुशासन समिति, सांसदहरू रहबर अन्सारी शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिबाट उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा हेरफेर भएका छन् ।
सांसद हरिप्रसाद भुसाल अन्तरराष्ट्रिय सम्बन्ध र पर्यटन समितिबाट शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति र सांसद चन्दनकुमार सिंह उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिबाट शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा हेरफेर भएका छन् ।
अधिवेशन प्रारम्भ भएपछि सहमतिका लागि प्रस्ताव गर्ने गरी सभामुख अर्यालले समिति सदस्यको हेरफेर गर्नुभएको प्रतिनिधिसभाका सचिव हर्करराज राईले जानकारी दिए । रासस

कांग्रेसको विवादसम्बन्धी सुनुवाइ 'हेर्दादेर्है' मा

काठमाडौँ ।
सर्वोच्च अदालतले नेपाली कांग्रेसको आधिकारिकता विवाद र १५औँ महाधिवेशनको कार्यतालिका स्थगनको माग गर्दै दायर भएको रिट निवेदनको सुनुवाइ 'हेर्दादेर्है' मा राखिएको छ ।
न्यायाधीशद्वय शारङ्गा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासमा बिहीबार सुनुवाइ हुँदाहुँदै नभ्याएपछि हेर्दाहेर्दैमा शुक्रबारका लागि राखिएको हो ।
कांग्रेसको विशेष महाधिवेशनबाट निर्वाचित गगन थापा नेतृत्वलाई आधिकारिता दिने निर्वाचन आयोगको निर्णयविरुद्ध तत्कालीन सभापति शेरबहादुर देउवा पक्षले रिट निवेदन दायर गरेको थियो ।

श्रम मन्त्रालयद्वारा औद्योगिक व्यावसायिक प्रतिष्ठान अनुगमन

काठमाडौँ ।
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले बिहीबार २९ औद्योगिक एवम् व्यावसायिक प्रतिष्ठानको अनुगमन गरेको छ ।
मन्त्रालयअन्तर्गतका श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र र श्रम तथा रोजगार कार्यालयले बिहीबार अनुगमन गरेको हो । मन्त्रालयले विज्ञप्ती प्रकाशन गरि २९ औद्योगिक एवम् व्यवसायिक प्रतिष्ठानको अनुगमन सम्पन्न गरिएको जानकारी दिएको छ ।
मातहत कार्यालयबाट २२ वटा तथा विभागबाट गठन भएका ३ टोलीबाट ७ वटा (विभागबाट सरकारी तथा निजी अस्पतालहरुलाई प्राथमिकतामा राखी अनुगमन गरिएको विज्ञप्तीमा उल्लेख छ । प्रतिष्ठानहरुमा श्रम ऐन तथा नियमावली र प्रचलित कानूनको पालना भए नभएको सम्बन्धमा अनुगमन गरिएको थियो ।
यसै क्रममा विशेषगरी नेपाल सरकारबाट तोकिएको न्यूनतम पारिश्रमिकको कार्यान्वयनको अवस्था, व्यवसायिक सुरक्षा तथा स्वास्थ्यको अवस्था, बाल श्रमको अवस्था, सामाजिक सुरक्षा कोषमा आवद्धताको अवस्था, नियमित श्रम अडिट भए, नभएको अवस्था लगायत निरीक्षण सम्पन्न गरिएको हो । बिहीबार गरिएको अनुगमनका क्रममा केही प्रतिष्ठानमा न्यूनतम पारिश्रमिकको कार्यान्वयन नभएको, नियमित श्रम अडिट नभएको, सामाजिक सुरक्षा कोषमा सूचीकरण नभएको लगायत समस्या पहिचान भएको हुँदा त्यस्ता प्रतिष्ठानलाई श्रम ऐन, २०७४ तथा श्रम नियमावली, २०७५ र प्रचलित कानूनको परिपालना गरी तत्काल सुधार गर्न निर्देशन समेत निर्देशन दिइएको छ । रासस

कम्बोडियाबाट ४६ जना नेपालीको उद्धार

काठमाडौँ ।
बैङ्ककस्थित नेपाली दूतावासले कम्बोडियाबाट ४६ जना नेपालीको उद्धार गरेको छ । उद्धार गरिएका सबै स्वदेश फर्केका छन् ।
विभिन्न माध्यमबाट कम्बोडिया पुगेका उनीहरूलाई गैरकानूनी काममा लगाइएको जानकारी प्राप्त भएपछि कम्बोडियाली सरकारको सहयोगमा उद्धार गरी स्वदेश फर्काइएको हो ।
दूतावासका अनुसार आकर्षक रोजगारी पाइने विश्वासमा सन् २०२१ मा १ सय १, २०२२ मा एक हजार ९ सय ७७, सन् २०२३ मा दुई हजार ९ सय ४०, सन् २०२४ मा छ हजार ४ सय ४ तथा सन् २०२५ मा नौ हजार ६ सय ७६ जना नेपाली कम्बोडिया पुगेका थिए । रासस



मस्याङ्दी जलविद्युत जलाशयः *तनहुँको आँबुखैरेनी गाउँपालिका–२ एक्लेफाँटमा अवस्थित ६९ मेगावाट क्षमताको मस्याङ्दी जलविद्युत केन्द्रको जलाशय । तस्बिरः रासस*

नौ महिनामा २३ करोड बढी राजस्व सङ्कलन

नवलपरासी ।
यातायात व्यवस्था कार्यालय नवलपरासी(बर्दघाट सुस्तापूर्व)ले चालु आर्थिक वर्षको नौ महिनामा २३ करोड ३० लाख १६ हजार २२ रुपैयाँ राजस्व सङ्कलन गरेको छ । चालु आवको साउनदेखि चैत मसान्तसम्म सवारीसाधन कर, चालक अनुमतिपत्र, सवारी दर्तालगायतका विभिन्न शीर्षकमा सो राजस्व सङ्कलन भएको कार्यालय प्रमुख टेकबहादुर नेपालीले बताए ।
उनले भने, 'यो अवधिमा सवारीसाधन कर सङ्कलनबापत १९ करोड २४ लाख २२ हजार २ सय ७० रुपैयाँ, सवारी चालक अनुमतिपत्र एवम् सवारी दर्ता किताबबापत तीन करोड ७४ लाख ९२ हजार २ सय ३४ रुपैयाँ, यातायात क्षेत्रको आम्दानी राजस्व शीर्षकमा २३ लाख २९ हजार ९ सय ९० रुपैयाँ र अन्य प्रशासनिक सेवा शुल्कबापत सात लाख ७१ हजार ५ सय २८ रुपैयाँ राजस्व सङ्कलन भएको छ ।'
यातायात व्यवस्था कार्यालयले कर सङ्कलनलाई व्यवस्थित र प्रभावकारी बनाउन चैत महिनामा विशेष अभियान नै सञ्चालन गरेको कार्यालय प्रमुख नेपालीले बताए । यो अभियानअन्तर्गत 'बिलबुक' नवीकरण, जाँच पास, रुट परमिट तथा सवारी चालक अनुमतिपत्रको चेकजाँचलाई विशेष प्राथमिकता दिइएको थियो ।
'प्रदेश सरकारले राजस्व वृद्धि गर्ने लक्ष्यसहित कर सङ्कलन प्रक्रियालाई चुस्त–दुरुस्त बनाउन विशेष योजना अघि बढाएको थियो सोहीअनुसार राजस्व सङ्कलन पनि वृद्धि भयो,' उनले भने, 'यातायात सेवालाई नियमित र पारदर्शी बनाउँदै कर सङ्कलनको लागि विभिन्न अभियान सञ्चालन गर्ने गरेका छौं ।' सेवाग्राहीलाई सहज सेवा प्रदान गर्न यातायात कार्यालयले विशेष व्यवस्था गरेको सूचना अधिकारी टेकनारायण तिवारीले बताए । कर तिर्न आउने सेवाग्राहीको भीडलाई व्यवस्थित गर्न अतिरिक्त कर्मचारी खटाइएको तिवारीले जनकारी दिए ।
'सेवा लिने क्रम छिटो होस् भन्ने उद्देश्यले छुट्टै काउन्टरको व्यवस्था गरिएको छ,' उनले भने, 'कर तिर्दा आवश्यक पर्ने कागजात तथा अन्य जानकारी सहजै उपलब्ध गराउने व्यवस्था मिलाइएको छ ।' गत आव २०८१–८२ को यही अवधिमा यातायात व्यवस्था कार्यालय नवलपरासी(बर्दघाट सुस्तापूर्व)ले २३ करोड ५४ लाख ३० हजार ९ सय ८० रुपैयाँ राजस्व सङ्कलन गरेको थियो । रासस

बाँकेमा व्यावसायिक बसन्ते मकैखेती

राँझा ।
नगदे बालीको रुपमा बिक्री हुन थालेपछि बाँकेका किसान बसन्ते मकैखेतीतर्फ आकर्षित भएका छन् ।
राप्तीसोनारी गाउँपालिका, खजुरा गाउँपालिका र नेपालगञ्ज उपमहानगरपालिकाका किसानले अहिले धमाधम बसन्ते मकैखेती गर्न थालेको कृषि ज्ञान केन्द्र बाँकेका सूचना अधिकारी वरिष्ठ बागवानी विकास अधिकृत सन्तोष पाठकले जानकारी दिए ।
उनका अनुसार, जिल्लामा अहिले ५६ हेक्टर क्षेत्रफलभन्दा बढी जमिनमा बसन्ते मकैखेती भइरहेको
छ । राप्तीसोनारी गाउँपालिकामा साकार कृषि सहकारी संस्थामार्फत ४६ हेक्टर र खजुरामा खजुरा लिफ्ट सिँचाइ जल उपभोक्ता समूहमार्फत १० हेक्टरमा व्यावसायिक रुपमै बसन्ते मकैखेती भइरहेको छ । डुडुवा र नेपालगञ्जका किसानले पनि खेती सुरु गरेका छन् ।
'बसन्ते मकै उत्पादन हुनासाथ दाना उद्योगले खेतबाटै उठाउने भएकोले बिक्रीमा समस्या छैन, किसानले नगदे बालीका रुपमा यसलाई उपयोग गर्न थालेका छन्,' सूचना अधिकारी पाठकले भने, 'कृषि ज्ञान केन्द्रले सिञ्चत क्षेत्र लक्षित बाली सघनता वृद्धि कार्यक्रमअन्तर्गत बसन्ते मकैखेती गर्ने किसानलाई बीउ र प्राविधिक सहयोग गरिरहेको छ, यसमा किसानको आकर्षण बढ्दै गएको छ ।'
कृषि ज्ञान केन्द्रले बसन्ते मकैखेती गर्ने किसानलाई मकै छोडाउने यन्त्र, फौजी किरा नष्ट गर्न सुरक्षित विषादी प्रयोगलगायतका तालिम दिँदै आएको पाठकले बताए । किसानले उत्पादन क्षमता बढी भएको भारतीय बीउ प्रयोग गर्दै आएका छन् ।
कम मेहनत र लगानीबाट राम्रो मुनाफा हुने भएकाले यसतर्फ धेरै किसान आकर्षित भएको राप्ती सोनारी गाउँपालिका–६ स्थित साकार कृषि सहकारी संस्था लिका मुख्य व्यवस्थापक जमानसिंह वलीले बताए ।
'मकैखेती वर्षमा तीन पटकसम्म गर्न सकिने भएकाले अन्य बालीभन्दा बढी आयआर्जन गर्न सकिन्छ । यसमा पानी कम लाग्छ, रोग–कीरा कम लाग्छ र दैनिक धेरै मिहिनेत पनि आवश्यक पर्दैन,' वलीले भने, 'मकैको डाँठ पशु चौपायाका लागि घाँसमा खपत हुने भएकाले दोहोरो रूपमा उपयोग गर्न सकिन्छ, कम जोखिम, राम्रो आम्दानी र दिगो सम्भावनाले मकैखेती बाँकेका किसानहरूको रोजाइ बन्दै गएको छ ।'
किसानको सहजताको लागि सहकारीले बसन्ते मकैखेती गर्ने किसानलाई कृषि ज्ञान केन्द्रको सहयोग तथा समन्वयमा बीउ, यन्त्र र प्राविधिक सहयोग तथा बजारीकरणको लागि काम गरिरहेको उनको भनाइ छ ।रासस


च्याम्पियन्स लिगको सेमिफाइनल समीकरण पूरा

वीरगंज ।
युरोपको प्रतिष्ठित फुटबल प्रतियोगिता च्याम्पियन्स लिगको सेमिफाइन समीकरण पूरा भएको छ ।
बुधबार मध्यरातमा क्वाटरफाइनल अन्तर्गतका दोस्रो लेगका खेलहरु सम्पन्न भएसँगै सेमिफाइन खेल्ने चारै टोलीको टुंगो लागेको हो । इंग्लिस टोली आर्सनल, फ्रेन्च क्लब पेरिस सेन्ट जर्मेन (पिएसजी), जर्मन क्लब बायर्न म्युनिख र स्पेनी क्लब एट्लेटिको मड्रिडले सेमिफाइनलमा स्थान बनाए ।



आर्सनलले पोर्चुगिज क्लब स्पोर्टिङ लिस्बनसँग गोलरहित बराबरी खेल्दै समग्रमा १–० को नतिजासहित सेमिफाइनमा स्थान बनायो ।
यस्तै, निकै प्रतिस्पर्धात्मक बनेको खेलमा बायर्न म्युनिखले स्पेनी महारथी रियल मड्रिडलाई ४–३ ले हराउँदै समग्रमा ६–४ को नतिजासहित सेमिफाइनलको टिकट काट्यो । खेलको सुरुवाती मिनेटमा नै अर्दा गुलेरले गोल गर्दै पाहुना टोली रियललाई सुरुवाती अग्रता दिलाएका थिए ।
छैटौं मिनेटमा अलेक्जान्डर पाभ्लोभिचले गोल फर्काउँदै बायर्नलाई १–१ को बराबरीमा ल्याए । २९ औं मिनेटमा गुलेरले दोस्रो गोल थप्दै रियललाई १–२ ले अघि बढाउँदा एग्रिगेटमा ३–३ को बराबरी भएको थियो ।
३८ औं मिनेटमा ह्वारी केनले गोल गर्दै बायर्नलाई पुनः बराबरीमा फर्काए । ४२ औं मिनेटमा किलियन एम्बाप्पेले गोल गर्दै रियललाई २–३ ले अघि बढाए ।
८६ औं मिनेटमा एडवार्डो कामाभिंगाले रातो कार्ड खाएपछि रियल १० खेलाडीमा समेटियो । ८९ औं मिनेटमा लुईस डियाजले तथा ९०+४ औं मिनेटमा माइकल ओलिसेले गोल गर्दै बायर्नलाई ४–३ को जित दिलाउँदा टोलि एग्रिगेटमा ६–४ को स्थितिमा रह्यो ।
यसअघि मंगलबार एट्लेटिको बार्सिलोनासँग १–२ ले पराजित भएपनि समग्रमा ३–२ को नतिजासहित सेमिफाइनलमा पुग्दा सावित विजेता पिएसजीले लिभरपुलमाथि २–० को जित निकाल्दै समग्रमा ४–० को नतिजासहित सेमिफाइनलमा स्थान बनायो ।
सेमिफाइनलमा कसको प्रतिद्वन्द्वी को ?
सेमिफाइनलका पहिलो लेगका खेलहरु अप्रिल २९ र ३० मा हुनेछ । जहाँ पिएसजीले बायर्नसँग प्रतिस्पर्धा गर्दा आर्सनल र एट्लेटिको मड्रिड भिड्नेछन् ।

अमेरिका–इरान वार्ताको पहल गर्दै पाकिस्तानी प्रधानमन्त्री साउदी अरबमा



काठमाडौं ।
पाकिस्तानका प्रधानमन्त्री शहबाज सरिफ अमेरिका–इरान शान्ति वार्ताको सम्भावित दोस्रो चरणको सम्भावनाअघि चार दिने भ्रमणको शुरुवातमा बुधबार साउदी अरब पुगेका छन् ।
गत साता इस्लामाबादमा वासिङ्टन र तेहरानबीच दशकौंपछि भएको उच्चस्तरीय वार्तापछि सरिफले साउदी अरबका उच्च पदस्थ अधिकारीसँग भेटवार्ता गर्नेछन् । उनी साउदी अरबपछि कतार र टर्कीको भ्रमणमा रहनेछन् ।
पाकिस्तानी नेताले 'क्षेत्रीय अवस्था' बारे साउदी राजकुमार मोहम्मद बिन सलमानसँग छलफल गर्ने उनको कार्यालयले जनाएको छ ।
पाकिस्तानको विदेश मन्त्रालयले यसअघि साउदी अरब र कतारको भ्रमण 'द्विपक्षीय परिवेश'लाई ध्यानमा राख्दै हुन लागेको बताएको थियो । साउदी अरब र कतारपछि सरिफले अन्टाल्या कूटनीति मञ्चमा भाग लिने बताइएको छ ।
सरिफले अन्टाल्या फोरमको छेउछाउमा राष्ट्रपति रेसेप तैयप एर्दोगान र अन्य नेताहरूसँग द्विपक्षीय बैठकहरू गर्ने कार्यक्रम छ ।
फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानमाथि आक्रमण गरेपछि सुरु भएको युद्ध अन्त्य गर्ने प्रयासमा इस्लामाबाद वार्ता एक कदम अगाडिको प्रगति हो । वार्ताबाट कुनै उपलब्धी नभएपनि दुई पक्षलाई संवादमा ल्याउन वार्ता पहल सफल भएको छ ।
इरानले अमेरिका–इजरायलले इरानमा गरेको आक्रमणको बदलामा साउदी अरब र कतारलगायत खाडीमा रहेका अमेरिकी सहयोगीलाई निशाना बनायो र उक्त क्षेत्रबाट ऊर्जा निर्यातमा अवरोध गर्यो, जसका कारण तेलको मूल्य अत्यधिक बढेको छ ।
अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले द्वन्द्व अन्त्यका लागि कुनै सहमति नभए पनि वार्ता यसै हप्ता पाकिस्तानी राजधानीमा पुनः सुरु हुन सक्ने बताएका थिए ।
संयुक्त राज्य अमेरिकाले इरानको नौसैनिक नाकाबन्दीको आदेश दिए पनि अर्को हप्ता समाप्त हुने युद्धविराम जारी छ ।
सरिफसँगै अमेरिका–इरान वार्ताका क्रममा मध्यस्थकर्ता रहेका विदेशमन्त्री इशाक दार र अन्य वरिष्ठ अधिकारीहरु पनि छलफलमा सहभागी हुने उनको कार्यालयले जनाएको छ ।
पाकिस्तान र साउदी अरबबीच घनिष्ठ सम्बन्ध छ र इस्लामाबादको अर्थ मन्त्रालयले बुधबार रियादले पाकिस्तानलाई आफ्नो विदेशी मुद्रा भण्डार बढाउन तीन अर्ब डलर उपलब्ध गराउने घोषणा गरेको छ ।
पाकिस्तानले रियादको सहयोगी बनेको संयुक्त अरब इमिरेट्सलाई अर्बौं ऋण फिर्ता गर्ने बताएको केही दिनपछि यो सहयोग आएको हो ।
साउदी अरबको विद्यमान पाँच अर्ब अमेरिकी डलर बराबरको निक्षेप पनि अनिर्दिष्ट अवधिका लागि विस्तार गरिने अर्थ मन्त्रालयले जनाएको छ ।
यसैबीच, सेना प्रमुख असिम मुनिरको नेतृत्वमा पाकिस्तानी प्रतिनिधिमण्डल इरान पुगेको छ भने उनलाई इरानी विदेशमन्त्री अब्बास अराघचीले स्वागत गरेका छन् ।
इरानको सरकारी टेलिभिजनले यसअघि नै प्रतिनिधिमण्डलले वासिङ्टनको नयाँ सन्देश ल्याउने र दोस्रो चरणको वार्ताबारे छलफल गर्ने बताएको थियो ।एएफपी

दरवाङ–मुना–ढोरपाटन सडकः
ताकममा कालोपत्र सुरु

म्याग्दी ।
म्याग्दीको दरवाङ– मुना–ढोरपाटन सडक योजनाअन्तर्गत धौलागिरि गाउँपालिका–७ ताकममा कालोपत्र थालिएको छ । धारापानी–ताकम–शिवाङ–झिन डाडा खण्ड स्तरोन्नतिका सञ्चालित योजनामार्फत धौलागिरि गाउँपालिकामै पहिलोपटक ताकममा कालोपत्र गर्न थालिएको हो । 'प्रिमिक्स' प्रविधिको कालोपत्रका लागि बुधबारदेखि एकलेनमा 'प्राइमकोड' (बिटुमीन) बिछ्याउन थालिएको पूर्वाधार विकास कार्यालय, म्याग्दीका प्रमुख सिनियर डिभिजनल इञ्जिनियर महेन्द्र बानियाँले बताए ।



'ग्राभेलमाथि राखेको 'प्राइमकोड' सुकेपछि अर्को चरणमा पनि बिटुमिन बिछ्याएपछि तेस्रो चरणमा बिटुनीमसँग चिप्स भुटेर सडकमा बिछ्याउँछौं,' उनले भने, 'छ किलोमिटर दूरीमा स्तरोन्नतिका लागि सञ्चालित आयोजना सम्पन्न हुने चरणमा छ ।' यो म्याग्दीको रणनीतिक महत्वको र प्राथमिकता प्राप्त सडक आयोजना हो । यस योजनामार्फत दुई लेनमा ९ सय मिटर दूरीमा कालोपत्र गर्न लागिएको पूर्वाधार विकास कार्यालयले जनाएको छ ।
मध्य पहाडी लोकमार्गको बागलुङ खण्डको विकल्प मानिएको बेनी–दरवाङ–धारापानी–ताकम –मुना–जलजला–ढोरपाटन सडकअन्तर्गत धारापानीदेखि झिनडाडा खण्डमा ढलान, कालोपत्र र ग्राभेल गर्न सञ्चालित आयोजनाको हालसम्म ८४ प्रतिशत भौतिक प्रगति भएको कार्यालय प्रमुख बानियाँले बताए ।
दुई वर्षमा सम्पन्न गर्ने लक्ष्यसहित विसं २०८१ जेठ २० गते रामसागर बिके एस केबीएस धौलागिरी जेभीले १४ करोड ६१ लाख रुपैयाँमा पूर्वाधार विकास कार्यालय म्याग्दीसँग ठेक्का सम्झौता गरेको थियो । ठेकेदारले संरचना निर्माण, बेस र सबबेस बिछ्याएको छ । गौथली भिरलगायत अप्ठ्यारो ठाउँमा ढलान भएको छ । सडकलाई आठ मिटर फरालिको बनाउने, नाली र पर्खाल निर्माण गरिएको छ । धारापानीमा विसं २०६६ मा सडक पुगेको थियो । यो सडक धवलागिरी गाउँपालिकाको पाँच वटा वडाका बासिन्दाले प्रयोग गर्ने प्रमुख मार्ग हो ।
कालोपत्र हुुन थालेपछि ताकमवासी उत्साहित भएका धवलागिरी गाउँपालिका–७ का वडाध्यक्ष अशोक खत्रीले बताए । सडक चालु आर्थिक वर्षभित्रनै सम्पन्न गरिने निर्माण कम्पनीले जनाएको छ । यो सडक यसअघि चारदेखि पाँच मिटर फराकिलो थियो ।
यो सडक आयोजना अन्तर्गत दरवाङ–धारापानी (सात किलोमिटर) र मच्छिम–मुना (चार किलोमिटर) अक्सफाल्ट प्रविधिको कालोपत्र र ढलान गर्न ५८ करोड ८० लाख ५३ हजार रुपैयाँमा ठेक्का सम्झौता भएको अर्को योजना पनि निर्माण सुरु भएको म्याग्दी १(ख)बाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य रेशम जुग्जालीले बताए ।
गत असारमा सम्झौता भएको यस योजनाको ठेक्का अवधि २७ महिनाको रहेको छ । म्याग्दीको मङ्गला मालिका, धौलागिरि गाउँपालिकाका साथै बागलुङको ढोरपाटन र पूर्वी रुकुमका बासिन्दालाई पोखरा–काठमाडौं जावतजावत गर्न ५० किलोमिटर छोटो पर्ने भएकाले यसलाई रणनीतिक महत्वको मानिएको जुग्जालीले बताए ।
धौलागिरिको केन्द्र मुनादेखि खोरीया, मरेनी, ढोरपाटनको जलजला हुँदै पूर्वी रुकुमको तकसेरा गत फागुन महिनामा सडकले जोडिएको थियो । ढोरपाटनदेखि जलजलासम्म यसअघिनै सडक निर्माण भइसकेको छ ।रासस

पहिलेको बगर, अहिले आम्दानीको स्रोत

दाङ ।
लमही नगरपालिका–४ सिम्रहवा निवासी ४९ वर्षीया सनकुमारी चौधरी हाल राप्ती नदीको बगरमा खरबुजा फलाउन व्यस्त छन् । नदीले कटान गरेर बगर बनाएको ठाउँमा बेमौसमी तरकारीखेती गरेर आम्दानी लिन थालेको उनले बताए ।
सोही ठाउँकी सीता चौधरीले यहाँ खरबुजा खेती गरिरहनुभएको छ । उनले करिब दुई बिघा बगरमा खरबुजाखेती गरेको बताए । सनकुमारी र सीता मात्रै होइन, बलरामपुर गाउँका करिब दुई सय किसान यतिखेर बालुवामा खरबुजा फलाउन व्यस्त छन् । 'पहिला नदीले सबै जमिन कटान गरेर बिचल्ली नै पाऱ्यो,' सीताले भनिन्, 'हाल त्यही बगरमा तरकारी र खरबुजाखेती गरेर परिवार पाल्न र घर खर्च चलाउन थालेका छौं ।'
कुनै बेला राप्ती नदी पसेर बगरमा परिणत भएको बलारामपुरमा हाल पौरखी किसानले मेहनत गरेर आम्दानी गरिरहेका छन् । त्यहाँ खरबुजा तथा तरकारी लटरम्म फलाएर किसानले आर्थिक उपार्जन गरिरहेका छन् ।
'बीस वर्ष पहिले राप्ती नदीमा ठूलो बाढी आयो, घर, अन्नपात, गाई, भेडा सबै बगायो । हामी घर छोडेर भाग्यौं र सिम्रहवामा गयौं । पछि राप्ती नदीले आफनो धार परिर्वतन गऱ्यो,' सीताले भनिन्, 'त्यही बाढीले लगेको जमिन करिब दश वर्षसम्म त बगर नै थियो । पछि सबैले सल्लाह गरेर यहाँ बगरखेतीको गरिरहेका छौं ।'
सुरुआतमा एउटा संस्थाले बीउ तथा मल सहयोगपछि बगरखेती गर्न थालिएको थियो ।रासस



खानेपानीको दुःखः दाङको बङ्लाचुली गाउँपालिका–१, ट्याङ्ट्याङ खोला गाउँका स्थानीय करिब एक घण्टाको दूरीमा रहेको वडा नं २ स्थित फलिते गाउँको धाराबाट खानेपानी लिएर घरतर्फ आउँदै । तस्बिरः रासस

रगतको माग बढ्यो, दाता घट्दो बिरामी समस्यामा

चितवन ।
रगतको माग बढ्दै जाँदा रक्तदाताहरुको संख्या बढ्न सकेको छैन । बर्सेनि रगतको माग क्रमशः बढ्दै गए पनि रक्तदान गर्नेहरुको संख्या भने बढ्न नसकेको हो ।
नेपाल रेडक्रस सोसाइटी प्रादेशिक रक्तसञ्चार केन्द्र भरतपुरका प्रमुख रमेशकान्त पौडेलका अनुसार जिल्लामा रगतको माग दैनिक माग बढ्दो छ । उनका अनुसार जिल्लामा दैनिक एकसय १ सय ५० युनिटसम्म रगतको माग हुने गर्दछ । यस आर्थिक वर्षको फागुनसम्ममा १ सय ६९ स्थानमा भएका रक्तदान कार्यक्रममा ११ हजार ५ सय ३२ युनिट र केन्द्रमा आएर दिएको संख्या तीन हजार १ सय ८१ छ ।
अघिल्लो आव २०८१–८२ मा २ सय ८७ स्थानमा भएका रक्तदानमा १८ हजार ५ सय ७७ युनिट र केन्द्रमा चार हजार ६ सय ४० युनिट रगत सङ्कलन भएको थियो । आव २०८०–८१ मा २ सय ९८ स्थानमा भएको रक्तदान कार्यक्रमबाट १८ हजार ४ सय ९ युनिट र केन्द्रमा छ हजार ९ सय २० युनिट रगत सङ्कलन भएको थियो । यसलाई हेर्दा केन्द्रमा आएर रक्तदान गर्नेहरुको संख्या घट्दो छ । गत वर्ष यहाँ ब्लड डोनर्स सोसाइटीले रक्तदान महोत्सव नै आयोजना गरी एक हजार ७ सय १७ युनिट रगत सङ्कलन भएको थियो ।
प्रमुख पौडेलले देशैभरबाट बिरामी यहाँ आउने भएकाले रगतको माग बर्सेनि बढेको बताए । रक्तदान गर्ने युवा जनशक्ति विदेश गएको, उमेर बढ्दै गएपछि उच्च रक्तचाप, मधुमेहजस्ता रोगका कारण रक्तदान गर्न नमिल्ने भएका कारण दाता घटेको उनको भनाइ छ । उनेले भने, 'दाता घट्ने र माग बढ्ने हुँदा सन्तुलन मिलाउन कठिन हुने गरेको छ ।' यहाँ माग उच्च हुँदा छिमेकी जिल्लाहरुबाट समेत रगत ल्याउने गरिन्छ ।
केन्द्र सञ्चालन गरेको नेपाल रेडक्रस सोसाइटी चितवन शाखाका सभापति हरि पौडेल छिमेकी १४ भन्दा बढी जिल्लाबाट सङ्कलन गरेर रगत ल्याउँदासमेत पु¥याउन नसकिएको बताउँछन् । यहाँ रहेका क्यान्सर अस्पताल, दुई मेडिकल कलेज, सरकार भरतपुर अस्पताल र निजी अस्पतालमा आउने घाइते र बिरामीहरुका लागि रगतको माग बढ्दा सन्तुलन मिलाउन नसकिएको उनले बताए । राजधानी काठमाडौँपछि धेरै रगत चितवनमा चाहिने भन्दै उनले सबैको साथ र सहयोगबाट मात्रै रगतको पूर्ति गर्न सकिने बताए ।
देशभर रक्तदानमा उत्प्रेरणा गर्दै आएको ब्लड डोनर्स सोसाइटी नेपालका अध्यक्ष अर्जुन अधिकारी रेडक्रस सोसाइटीले सञ्चालन गरेका केन्द्रहरुले व्यवस्थापकीय रुपमा सुधार गर्नसकेमा रक्त सङ्कलन बढ्ने बताउँछन् । केन्द्रले आम रक्तदाता र सङ्घ संस्थाहरुसँग समन्वयकारी भूमिका निर्वाह गरेर काम गर्नुपर्ने उनको सुझाव छ ।
विपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा देशैभरिबाट बिरामी आउने गर्दछन् । सबैभन्दा बढी रगत क्यान्सर उपचारमा खपत हुने गर्दछ । यस्तै चितवन मेडिकल कलेजले क्यान्सर इन्स्टिच्युट सञ्चालन गरेको छ । जहाँ रगतको माग उच्च हुने गर्दछ ।
भरतपुर अस्पताल विकास समितिका पूर्वअध्यक्ष डा. भोजराज अधिकारी रक्तदाताहरुलाई उत्प्रेरित गर्नुपर्ने बताउँछन् । विद्यालय र क्याम्पसका पाठ्यक्रमहरुमा रक्तदानको महत्वको बारेमा जानकारी गराउनु पर्ने भन्दै उनले रक्तदान गर्नेहरुलाई राज्यका तर्फबाट केही सहुलियत हुनुपर्ने बताए । उनले आफूले सञ्चालन गरेको श्री पुष्पाञ्जली अस्पतालमा स्थापनाका अवसरमा आयोजना गरेको रक्तदान कार्यक्रममा ५७ जनाले रगत दिएकोमा १८ नयाँ भएको भन्दै उनले नयाँ रक्तदातालाई राज्यकै तर्फबाट उत्प्रेरित गर्नुपर्ने बताए । रासस

जीपमा 'हुट': हटाउँदै ट्राफिक प्रहरी

नवलपरासी ।
नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको पहाडी क्षेत्रमा सञ्चालन हुने यात्रुवाहक जीपहरूको छत (हुट) हटाउने अभियान सञ्चालन गरिएको छ ।
जिल्ला ट्राफिक प्रहरी कार्यालय नवलपुरले सडक सुरक्षा मजबुत बनाउने उद्देश्यसहित अभियान सञ्चालन गरेको हो । जिल्ला ट्राफिक प्रहरी कार्यालय नवलपुरका प्रमुख कुशलकुमार बर्तौलाका अनुसार जीपको छतमा यात्रु राखेर यात्रा गराउँदा दुर्घटनाको जोखिम बढ्ने भएकाले अभियान थालिएको हो । 'जिल्लाको पहाडी क्षेत्रमा चल्ने सवारीमा छतमा समेत यात्रु चढाउने गरिएको पाइएकाले अत्यधिक भारका कारण दुर्घटनाको जोखिम बढ्ने हुँदा हटाउन थालेका हौं,' उनले भने ।
पहाडी क्षेत्रका अधिकांश सडक एकतर्फी र कच्ची रहेको अवस्थामा सवारीको छतमा समेत यात्रु राखेर हिँडाउने प्रवृत्ति जोखिमपूर्ण भएकाले यसलाई नियन्त्रण गर्न आवश्यक रहेको उनले उल्लेख गरे ।
अभियानअन्तर्गत पछिल्लो दुई साताभा करिब तीन दर्जन यात्रुवाहक जीपबाट हुट हटाइएको छ । दलदले, चोरमारा र अरुणखोला क्षेत्रबाट पहाडी क्षेत्रमा चल्ने जीपहरूले छतमा यात्रु बोक्ने गरेको पाइएको छ । केही यातायात व्यवसायीहरूले पनि ट्राफिक प्रहरीको अभियानलाई साथ दिँदै स्वेच्छाले हुट हटाउन थालेका छन् ।
क्षमताभन्दा बढी यात्रु बोक्ने, सवारीको माथिल्लो भागमा अतिरिक्त सिट राख्ने तथा ओभरलोड गर्ने प्रवृत्ति बढ्दै गएपछि ट्राफिक प्रहरीले निगरानी कडा बनाएको जनाएको छ । विशेषगरी दुर्गम तथा पहाडी सडकमा यस्ता गतिविधिले दुर्घटनाको जोखिम उच्च हुने भएकाले नियन्त्रणका लागि अभियान सञ्चालन गरिएको हो ।
ट्राफिक प्रहरीको सक्रियतामा जीपहरूको हुट हटाउने काम भइरहेको र पुनः हुट राखेमा कानुनअनुसार कारबाही गरिने ट्राफिक प्रमुख बर्तौलाले बताए । बढी यात्रु बोक्दा सवारीको सन्तुलन बिग्रने, ब्रेक प्रणालीमा समस्या आउने तथा दुर्घटनाको सम्भावना बढ्ने भएकाले अभियानलाई निरन्तरता दिइने उनले जानकारी दिए ।
विगतमा पहाडी क्षेत्रमा सवारी दुर्घटनाबाट ठूलो मानवीय क्षति हुने गरेको सन्दर्भमा समेत हुट हटाउने तथा अत्यधिक यात्रु बोक्ने प्रवृत्ति निरुत्साहित गर्न अभियान प्रभावकारी हुने अपेक्षा गरिएको छ ।
साथै, सवारी चालक र यात्रुले पनि जोखिमपूर्ण यात्रा नगर्न सचेत हुनुपर्ने उनले बताए । पहाडी क्षेत्रमा चल्ने यात्रुवाहक जीपहरूको निगरानीका लागि कुमसोतसहित पहाडी क्षेत्र प्रवेश गर्ने मुख्य सडकहरूमा निगरानी बढाइएको ट्राफिक प्रमुख बर्तौलाले बताए । रासस

विदेशस्थित नेपाली नियोगमा विविध कार्यक्रम

काठमाडौँ ।
अन्तरराष्ट्रिय आरोग्य दिवसका अवसरमा विश्वका विभिन्न मुलुकस्थित नेपाली नियोगमा विविध कार्यक्रम आयोजना गरिएका समाचार प्राप्त भएका छन् ।
ढाका, मस्को, कोलोम्बो, टोकियो, ओटावा तथा सोलमा रहेको नेपाली राजदूतावास तथा चीनको ग्वान्जोओस्थित महावाणिज्य दूतावासमा उक्त दिवस मनाइएको ती दूतावासले आज जारी गरेका बेग्लाबेग्लै विज्ञप्तिमा जनाइएको छ ।
ती कार्यक्रममा परराष्ट्रमन्त्री शिशिर खनालले जारी गरेको आरोग्य दिवसम्बन्धी भिडियो सन्देश प्रस्तुत गरिएको थियो ।
टोकियोस्थित नेपाली दूतावासमा नेपाली उत्पादन शिलाजित च्यूरीको तेल, जैविक चिया, 'हिमालयन वाथ साल्ट' र 'सिङडिङ वाउल' को प्रदर्शनी गरिएको थियो ।



त्यस अवसरमा साथै नेपालका पर्यटकीय क्षेत्र र पदमार्गसम्बन्धी प्रचारात्मक सामग्री जापानी अथितिहरुलाई निःप्रदान गरिएको थियो ।
समग्र स्वास्थ्य, सुख र सन्तुलित जीवनशैली प्रवद्र्धन गर्ने उद्देश्यले संयुक्त राष्ट्रसङ्घको महासभाले अप्रिल १५ लाई अन्तरराष्ट्रिय आरोग्य दिवसका रूपमा घोषणा गरेको हो ।
हरेक वर्ष आरोग्य दिवस मनाउन नेपालले गरेको प्रस्तावलाई महासभाले गत फागुन २६ गते अनुमोदन गरेको हो । सस्तो, सुलभ र समावेशी स्वास्थ्य अभ्यास अवलम्बन गर्न सबैलाई प्रेरित गर्नु यो दिवसको लक्ष्य हो ।
रोग लागेपछि उपचार गर्नेभन्दा रोग लाग्ने नदिने निवारणमुखी उपाय, स्वस्थ जीवनशैली र मानिस केन्द्रित स्वास्थ्य प्रणालीमार्फत जीवन रक्षा, स्वास्थ्य खर्च न्यूनीकरण तथा रोकथामयोग्य रोग नियन्त्रणमा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको छ ।
दिगो विकास लक्ष्यको तेस्रो बुँदामा स्वास्थ्यलाई उच्च प्राथमिकतामा राखिएको छ । सबै उमेर समूहका मानिसका लागि स्वस्थ जीवन सुनिश्चित गर्ने यसको लक्ष्य छ ।
मातृ तथा शिशु स्वास्थ्य, सरुवा तथा नसर्ने रोग नियन्त्रण, आवश्यक औषधि तथा खोपमा पहुँच, मानसिक स्वास्थ्य प्रवद्र्धन र स्वास्थ्य असमानता न्यूनीकरण यस लक्ष्यका प्रमुख प्राथमिकता हुन् । रासस

कीर्तिमानी आरोही श्रेष्ठको सगरमाथा मोह



गोरखा ।
तेह्र दिनमा तीनपटक सगरमाथा आरोहण गरेर 'गिनिज बुक अफ वल्र्ड रेकर्ड'मा नाम लेखाएकी कीर्तिमानी आरोही पूर्णिमा श्रेष्ठ छैटौँ पटक सगरमाथा आरोहण गर्न आधार शिविर पुगेकी छिन् । हाल आफू आधार शिविरमा रहेको र केही दिनमा पहिलो शिविरतर्फ जाने तयारीमा रहेको उनले जानकारी दिइन् ।
श्रेष्ठ यसअघि विसं २०८१ को वैशाख ३०, जेठ ६ र १२ गते सगरमाथाको सफल आरोहण गरेकी थिइन् । दुई हप्ताको छोटो अवधिमा तीनपटक सगरमाथा आरोहण गरेपछि गिनिज बुक अफ वल्र्ड रेकर्डमा उनको नामअङ्कित भएको थियो ।
तेह्र दिनभित्रै तीनपटक सगरमाथा आरोहण गरेर विश्व रेकर्ड कायम गरेको भन्दै सन् २०२४ मा सिएनएन एथ्लेट्सको उत्कृष्ट सूचीमा आफ्नो नाम अङ्कित गरिएको उनले जानकारी दिइन् । 'पहिलो पटक २०७५ जेठमा सगरमाथा आरोहण गरेकी थिए, त्यसपछि २०८२ जेठ ४ गते पाँचौँ पटक आरोहण गरेँ,' श्रेष्ठले भनिन् ।
उनले आठ हजार मिटरभन्दा अग्ला सगरमाथा, केटु, कञ्चनजङ्घा, ल्होत्से, मकालु, अन्नपूर्ण १, धौलागिरि र मनास्लु हिमाल पटक पटक गरी १४ पटक आरोहण गरेर विभिन्न शीर्षकमा कीर्तिमान कायम गरिसकेकी छिन् ।
आरोही श्रेष्ठ गोरखाको आरुघाट गाउँपालिका–९ आरुटार निवासी हुन् । रासस

'कर्णाली विश्वको आरोग्य हब बन्नसक्ने धेरै आधार छन्'

कर्णाली ।
प्राकृतिक तथा आध्यात्मिक दृष्टिकोणले 'कर्णाली विश्वको आरोग्य हब' बन्न सक्ने अनुसन्धानदाताहरूले बताएका छन् । कर्णाली प्रदेश, सामाजिक विकास मन्त्रालय, स्वास्थ्य महाशाखाद्वारा अन्तरराष्ट्रिय आरोग्य दिवसका अवसरमा बुधबार सुर्खेतको वीरेन्द्रनगरमा आयोजित अन्तरक्रियामा अनुसन्धानदाता तथा खोजकर्ताहरूले कर्णाली विश्वको प्राकृतिक आरोग्य हब बन्न सक्ने आठ आधार प्रस्तुत गरे ।
योग विज्ञानदेव संस्कृति विश्वविद्यालय हरिद्वारका पिएचडी शोधार्थी हरि उपाध्यायले आफ्नो प्रस्तुति राख्दै कर्णाली प्राकृतिक तथा आध्यात्मिक हिसाबले आरोग्य हबका रूपमा विकास गर्न सकिने आधार बलियो रहेको बताए । उनले भने, 'जडीबुटी अर्थात् प्राकृतिक स्रोत, लोक चिकित्सा, योग ध्यान, सामुदायिक जीवन, पर्यावरणीय पक्ष, वैदिक पद्धति, आयुर्वेदक–प्राकृतिक चिकित्सा (सोवा रिग्पा) र खानपान तथा जीवनशैली आरोग्य हब बनाउन सकिने बलिया आठ आधार हुन् । यसका लागि कर्णालीलाई योग ध्यान आरोग्य केन्द्रित गन्तव्य बनाउने, परम्परागत र आधुनिक प्रणालीको समन्वय, स्थानीय स्रोत, संस्कृति र प्रकृतिमा आधारित विकास, दिगो पर्यटन र समग्र आरोग्यतामा योगदान पुर्याउनुपर्दछ ।'
युवा वैज्ञानिक राजेन्द्र विष्टले जडीबुटी र लोक उपचार पद्धतिमार्फत समृद्धिको आधार तयार गरी कर्णालीलाई आरोग्य पर्यटनको केन्द्रका रूपमा विकास गर्न सकिने कार्यपत्र प्रस्तुत गरे । जडीबुटी केवल उपचार मात्र नभई मानिसलाई प्रकृतिसँग जोड्ने जीवन दर्शन भएको बताउँदै उनले योग ध्यान, जडीबुटी उपचार, अध्यात्मिक अभ्यास, स्वच्छ हावा, शान्त वातावरण, जैविक खानपानले पर्यटकलाई अद्वितीय अनुभव प्रदान गर्न सक्ने भएकाले यसलाई आरोग्य पर्यटनका रूपमा विकास गर्नुपर्ने सुझाव दिए ।
वैज्ञानिक विष्टले भने, 'कर्णालीका जडीबुटी, लोक उपचार र सोवा–रिग्पा भविष्यका सम्भावनाका स्रोत हुन् । परम्परागत ज्ञान र आधुनिक प्रविधिको समन्वयबाट दिगो विकास गर्न सकिन्छ । तसर्थ, कर्णाली केवल जडीबुटीको भण्डार मात्र होइन, नेपालको हरित अर्थतन्त्र (ग्रिन इकोनोमी) निर्माण गर्ने आधार भूमि हो । यसमा तीनै तहका सरकार र सम्बन्धित सरोकार भएकाहरूको समन्वय र सहकार्य दुवै आवश्यक छ ।' कर्णाली प्रदेश सरकारका सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले कार्यक्रममा प्रस्तुत सुझावका आधारमा नीति, योजना र कार्यक्रम निर्माण गरेर अगाडि बढ्ने बताए । उनले लुम्बिनी, सुदूरपश्चिम र कर्णालीको धार्मिक पर्यटकीय सडक निर्माणमा पहल गरिने जनाए ।
मन्त्रालयका सचिव धोलकराज ढकालले आरोग्यताका सन्दर्भमा धेरै कुराको जानकारी भएको र प्रदेश सरकारले आगामी आर्थिक वर्षमा नीतिसहित कार्यक्रम तथा बजेट तर्जुमा गर्न ध्यान दिने बताए । कर्णालीलाई 'अग्र्यानिक' प्रदेश बनाउने गरी यसअघि पनि नीति तथा कार्यक्रम ल्याइएको बताउँदै उनले अब आरोग्यको केन्द्र बनाउने गरी थप नीति अगाडि सारिने धारणा राखे ।
अन्तरक्रिया कार्यक्रममा ब्रह्माकुमारी ईश्वरी विश्वविद्यालय राजयोग प्रतिष्ठान केन्द्र सुर्खेतका ब्रह्माकुमारी विष्णु, विश्व हिन्दू महासङ्घका परमानन्द रेग्मी, इन्टरनेसनल सोसाइटी फर कृष्ण कन्सस्नेस (स्कुन)का शक्ति विक, सत्य साई केन्द्रका कृष्णमाया पोखरेल र महायोगी शिद्धबाबा अध्यात्मिक प्रतिष्ठानका केन्द्रीय सदस्य ललित भट्टराईले प्रकृति, अध्यात्म, पुरातत्व, संस्कृति, सभ्यता र धर्मको जननी कर्णालीमा सबैलाई आकर्षण गर्ने नीति र कार्यदिशा निर्माण गरिनुपर्नेमा जोड दिए । रासस

रसुवामा वैशाख १३, १४ र १५ गते चौँरी महोत्सव

रसुवा ।
हिमाली जीवनशैली, परम्परागत पशुपालन र स्थानीय उत्पादनको प्रवद्र्धन गर्ने उद्देश्यले गतलाङस्थित पार्वतीकुण्ड क्षेत्रमा चौँरी महोत्सव आयोजना हुने भएको छ ।
चौँरीपालनलाई व्यावसायिक बनाउँदै पर्यापर्यटन विस्तार गर्ने, चौँरीको दूधबाट उत्पादन हुने घिउ, छुर्पी, चिजलगायत दुग्धजन्य पदार्थको बजारीकरण व्यवस्थित गर्ने मुख्य लक्ष्यसहित यही वैशाख १३, १४ र १५ गते महोत्सव आयोजना हुन लागेको हो ।
चौँरीपालन व्यावसायिक समितिका अध्यक्ष सुरेन्द्र तामाङका अनुसार महोत्सवमा उत्कृष्ट चौँरीपालक किसानलाई सम्मान तथा पुरस्कार प्रदान गरिने जानकारी दिए । उनले भने, 'यस क्षेत्रका बासिन्दाको प्रमुख आयस्रोत पशुपालन भएकाले महोत्सवबाट किसानलाई थप हौसला मिल्ने अपेक्षा गरिएको छ ।'
वडाध्यक्ष तामाङका अनुसार गतलाङ क्षेत्रमा मात्रै करिब एक हजार ३ सय भन्दा बढी दुग्ध उत्पादन गर्ने चौँरी रहेका छन् । महोत्सव अवधिमा चौँरीजन्य परिकारको प्रदर्शनी, बिक्री तथा प्रचारप्रसारसँगै परम्परागत उपचार विश्वासअनुसार चौँरीको रगत सेवनको व्यवस्थासमेत मिलाइने जनाइएको छ ।यस क्षेत्रका किसानले चौँरीपालनसँगै भेडाबाख्रापालन पनि गर्दै आएका छन् । भेडाको ऊनबाट घरेलुस्तरमै राडी, पाखी, गलैँचा, स्वेटर, टोपी तथा पटुकाजस्ता सामग्री उत्पादन गरिँदै आएको छ, यसको प्रदर्शनी तथा बजार विस्तारमा महोत्सव केन्द्रित हुनेछ ।
स्थानीय किसान मार लामा भन्छन्, 'गतलाङका बासिन्दाको मुख्य आम्दानी चौँरीको दूधबाट बनेका परिकार, ऊनजन्य सामग्री, लेकाली आलु, बन्दाकोबी, सिमीलगायत कृषि उत्पादनबाट हुने गरेको छ ।' पछिल्ला वर्षमा किसानहरूले आलु उत्पादनपछि सिमी रोप्ने परम्परागत अभ्यास परिवर्तन गर्दै बढी आम्दानी दिने बन्दाकोपी खेतीतर्फ आकर्षित भएका छन् ।तामाङ सम्पदा मार्गमा पर्ने गतलाङ क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटकको आवागमन बढ्दो छ । स्थानीय स्तरमा सञ्चालन भएका होमस्टे सेवाले पर्यटन आम्दानी बढाउन सहयोग पु- याएको छ । यहाँ आउने पाहुनालाई सिस्नोको तरकारी, सिमीको दाल, मकै, कोदो र फापरको ढिडो, लोकल कुखुराको मासुजस्ता परम्परागत खानाले विशेष आकर्षण पैदा गराइएको स्थानीयवासीले बताएका छन् ।समुद्र सतहदेखि करिब दुई हजार ५ सय मिटर उचाइमा रहेको पार्वतीकुण्ड धार्मिक तथा प्राकृतिक दृष्टिले समेत महत्वपूर्णस्थल मानिन्छ । हिमालयकी पुत्री पार्वतीको वासस्थलका रूपमा विश्वास गरिने यस क्षेत्रमा हरेक वर्ष हजारौँ भक्तजन दर्शनका लागि आउने गर्दछन्, यसबाट स्थानीयले भोजनलगायतका सेवा प्रदानमार्फत अतिरिक्त आम्दानी गर्दै आएका छन् ।रासस

‘भैया स नै जिती त भौजीके कोचा फारी’

भारतसँग सीमा जोडिएका मधेशका २२ जिल्लाका बासिन्दाहरूका लागि आवत–जावतमा कडाइ गर्ने तथा नेपालसँग नातागोता रहेका भारतीय नागरिकहरूको प्रवेशमा रोक लगाउने जस्ता निर्णयहरू लागू गरिएमा त्यसले पुनः मधेश आन्दोलनलाई उक्साउने खतरा हो, अवैध तस्करी र घुसखोरी नियन्त्रण गर्नुपर्ने ठाउँमा सर्वसाधारणले दैनिक उपभोग्य वस्तु खरिद गर्दा कडाइ गर्नु उपयुक्त होइन ।

मधेशदृष्टि
जनकपुरधाम ।

मुलुकमा नयाँ सरकार गठन भएसँगै परिवर्तन गर्ने नाममा हतार–हतार र असन्तुलित निर्णयहरू गरिँदा त्यसको प्रत्यक्ष असर सर्वसाधारण जनतामा परेको देखिन्छ । यस्ता निर्णयहरूले जनजीवनमा असहजता सिर्जना गर्नुका साथै पुनः मधेश आन्दोलन भड्काउने खतरासमेत बढाएको आभास हुन्छ । साथै, नेपाल–भारतबीचको ऐतिहासिक ‘रोटी–बेटी’ सम्बन्धमाथि समेत नकारात्मक प्रभाव पार्ने प्रयास भइरहेको देखिन्छ । देशलाई प्रतिस्पर्धी युगमा अगाडि बढाउने आशाका साथ सधैं परिवर्तनको पक्षमा उभिँदै आएको मधेश प्रदेशले लगभग सबै सिट प्रदान गरेको वर्तमान सरकारबाट अपेक्षित राहत पाउनुको सट्टा, उल्टै दबाब र असहजता झेल्नुपरेको भन्ने सर्वसाधारणको गुनासो रहेको छ ।

भारी करका कारण दैनिक उपभोग्य वस्तुहरू महँगा बन्दै गएपछि सस्तोमा सामान खरिद गर्न सीमापार जाने स्थानियहरुमाथि बालेन सरकार बज्रपात नै बनेको छ । सरकारले १०० रुपैयाँभन्दा माथिको सामान खरिदमा समेत भन्सार अनिवार्य गर्ने निर्णय गरेपछि भारतसँग सीमा जोडिएका मधेश प्रदेशलगायतका जिल्लाका गरिब तथा मध्यम वर्गीय स्थानीयवासीहरूका लागि दैनिक उपभोग्य सामग्री किन्नसमेत झन् असहज भएको छ । एकातर्फ सीमा कडाइको नाममा साना परिमाणका सामानमै भन्सार शुल्क थोपर्ने नीति लागू गरिएको छ भने अर्कोतर्फ यही अवस्थाले तस्करीलाई झन् प्रोत्साहन गरेको आरोप समेत उठेको छ ।

स्थानीयका अनुसार, सीमा क्षेत्रमा खटिएका केही सुरक्षाकर्मीहरूले ५० रुपैयाँदेखि हजार रुपैयाँसम्म घुस असुल्ने प्रवृत्ति बढेको छ, जसले सर्वसाधारणलाई थप मारमा पार्दै अनियमिततालाई संस्थागत गर्ने जोखिम बढाएको देखिन्छ ।

धनुषाको इनर्वा, जटही, दुहबी, खजुरी, फूलगामा, इटहर्वा, मैनाथपुर,देवडीहा लगायतका सीमावर्ती नाकाबाट सम्बन्धित निकायकै मिलेमतोमा संगठित तस्करी मौलाउँदै गएको आरोप स्थानीयले लगाउँदै आएका छन् । अहिले धनुषा क्षेत्रमा ठूला तस्करहरूले समूह बनाएर व्यवस्थित रूपमा तस्करीको रुट सञ्चालन गरिरहेको बताइन्छ । प्रत्येक समूहले सम्बन्धीत निकायलाई महिनावारी रकम बुझाएर यो धन्दा सञ्चालन गरिरहेको गम्भीर आरोप समेत उठिरहेको छ ।

जटही नाकाबाट नेपालतर्फबाट चाइनिज लसुनको ठूलो मात्रामा अवैध निकासी हुने गरेको छ भने कोलगेट टुथपेस्ट, स्याउ, मटर–केराउ र रक्सी भारततर्फ तस्करी भइरहेको बताइन्छ । त्यस्तै, भारतबाट कपडा, हार्डवेयर तथा किराना सामग्रीहरूको अवैध आयात भइरहेको छ । फूलगामा नाकाबाट समेत चाइनिज लसुन, स्याउ, मटर, केराउ, मरिच र रक्सी भारततर्फ पठाइने तथा उताबाट कपडा, किराना र हार्डवेयर सामग्री भित्याइने गरेको आरोप छ ।

खजुरी नाकाबाट रक्सी, टुथपेस्ट, लाइटर, मटर–केराउ, लसुन र पोस्तादाना भारत पठाइने तथा भारतबाट कपडा र किराना सामग्रीको अवैध आयात भइरहेको बताइन्छ । दुहबी नाकाबाट नेपाली रक्सी र लसुन भारत पठाउने तथा उताबाट किराना सामग्री भित्याउने क्रम जारी रहेको छ । इनर्वा नाकाबाट केही समूहहरूले दैनिक रूपमा ठूलो परिमाणमा नेपाली रक्सी भारत पठाइरहेको आरोप छ भने इटहर्वा नाकाबाट गाई–गोरुको अवैध निकासी हुने गरेको स्थानीयको भनाइ छ ।

तस्करहरूले साडी, रेडिमेड कपडा, सर्टिङसुटिङका कपडाबाहेक दैनिक उपभोग्य सामानहरू, स्टिलका भाँडावर्तन, मोटरसाइकलका पार्टपुर्जालगायतका सामान भारतीय बजारबाट दैनिक करोडौँ रुपैयाँ बराबरका सामानहरू अवैध रूपमा जनकपुरधामलगायत विभिन्न बजारमा ल्याउने गरेका छन् ।तस्करहरूले सीमाक्षेत्रमा रहेका प्रहरी, सशस्त्र प्रहरी र भन्सार कार्यालयका कर्मचारीहरूलाई आर्थिक प्रभावमा पारेर निर्बाध रूपमा चोरी पैठारी गर्ने गरेको आरोप छ । तस्करहरूले नाकामा भन्सारका कर्मचारी, सुरक्षाकर्मीहरूको व्यापक उपस्थिति भए पनि उनीहरूकै मिलोमतोमा रातिको समयमा तस्करी गरेको आरोप छ ।

धनुषाका विभिन्न नाकाबाट दैनिक ३ सय भन्दा बढी मोटरसाइकल, सयौँ साइकल र दशदेखि २० वटा पिकअपमा तस्करी हुनेगरेको स्थानीयवासीहरू बताउँछन् ।

यस्तो व्यापक तस्करी भइरहँदा त्यसलाई नियन्त्रण गर्नुको सट्टा सर्वसाधारणले सीमापारबाट सानो परिमाणमा दैनिक उपभोग्य वस्तु खरिद गर्दा समेत भन्सार शुल्क अनिवार्य गर्ने सरकारी नीति परिवर्तनको नाममा जनतालाई थप बोझ थोपर्ने प्रयास भएको स्थानीयवासीहरूको आरोप रहेको छ ।

संघीय राजधानी काठमाडौंका लागि यस्ता निर्णयहरूले खासै ठूलो प्रभाव नपार्न सक्छन्, तर सीमावर्ती क्षेत्रमा बसोबास गर्ने नेपालीहरूका लागि नेपाल–भारतबीचको ‘रोटी–बेटी’ सम्बन्ध अत्यन्त महत्वपूर्ण र दैनिक जीवनसँग जोडिएको विषय हो । यो सम्बन्ध केवल सस्तो दरमा दैनिक उपभोग्य वस्तु खरिद गर्नेसम्म सीमित छैन, बरु दुवै देशबीचको पारिवारिक, सामाजिक र सांस्कृतिक सम्बन्धको गहिरो आधार हो, जहाँ एकअर्काका छोरी–बुहारी बसोबास गर्दै आएका छन् ।

सीमावर्ती दुवै क्षेत्रका प्रायः हरेक परिवारको नाता–गोता नेपाल र भारतमा फैलिएको छ । विशेषगरी मिथिला क्षेत्रमा महिनैपिच्छे सञ्चालन हुने विभिन्न परम्परा र सांस्कृतिक गतिविधिका कारण दुवै देशबीचको आवत–जावत निरन्तर रहँदै आएको छ । यस्तो अवस्थामा सरकारले लिएको कडाइयुक्त नीतिले दुवै देशबीचको सम्बन्धमा चिसोपना ल्याउने सम्भावना बढेको स्थानीयवासीहरू बताउँछन् ।

भारतसँग सीमा जोडिएका मधेशका २२ जिल्लाका बासिन्दाहरूका लागि आवत–जावतमा कडाइ गर्ने तथा नेपालसँग नातागोता रहेका भारतीय नागरिकहरूको प्रवेशमा रोक लगाउने जस्ता निर्णयहरू लागू गरिएमा त्यसले पुनः मधेश आन्दोलनलाई उक्साउने खतरा रहेको स्थानीय रामबाबु यादवले बताएका छन् । उनका अनुसार अवैध तस्करी र घुसखोरी नियन्त्रण गर्नुपर्ने ठाउँमा सर्वसाधारणले दैनिक उपभोग्य वस्तु खरिद गर्दा कडाइ गर्नु उपयुक्त उपाय होइन । उनले थपे, ‘यदि सरकारले सीमावर्ती क्षेत्रका लागि कर छुट दिएर दैनिक उपभोग्य सामग्री नेपालमै सस्तो उपलब्ध गराउने व्यवस्था मिलायो भने स्थानीयहरू सीमापार किनमेल गर्न जाने अवस्था आफैं घट्छ । तर, जनताको वास्तविक समस्या समाधान नगरी जबरजस्ती निर्णय थोपर्ने प्रयास गरियो भने त्यसको असर अन्ततः सरकारमै पर्नेछ ।’

सय रुपैयाँको बिलले नेपाल–भारतमै सास्ती

सरकारले लागू गरेको नयाँ भन्सार व्यवस्थाले सीमावर्ती क्षेत्रमा नेपालतर्फ आक्रोश र भारतीय व्यापारीमा संकट निम्त्याएको छ । १ सय रुपैयाँभन्दा बढी मूल्यको सामान भारतबाट नेपाल ल्याउँदा अनिवार्य भन्सार कर तिर्नुपर्ने नियम लागू भएपछि सर्वसाधारण नेपाली उपभोक्ता र भारतिय व्यवसायी दुवै प्रभावित भएका हुन् ।

नेपाल–भारत सीमावर्ती क्षेत्रमा सरकारले लागू गरेको नयाँ भन्सार नीतिले सीमा क्षेत्रमा बसोबास गर्ने सर्वसाधारणको दैनिक जीवनमा असर पार्न थालेको छ ।

प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको बर्तमान सरकारले भारतीय क्षेत्रबाट १ सय रुपैयाँभन्दा बढी मूल्यको सामान नेपाल ल्याउँदा अनिवार्य भन्सार तिर्नुपर्ने व्यवस्था लागू गरेपछि दुवैतर्फ सीमा क्षेत्रका जनजीवन प्रभावित भएको हो । यसैविच सुरक्षा निकायले सीमावर्ती क्षेत्रमा लाउडस्पीकरमार्फत नयाँ नियमबारे जानकारी गराउँदै कडाइका साथ कार्यान्वयन सुरु गरेको छ । उत्तर प्रदेशसँग जोडिएका क्षेत्रमा कडाइ सुरु भइसकेको र अब बिहार सीमा क्षेत्रमा समेत सुरक्षा निकायले निगरानी बढाइएको जनाएको छ ।

हरि खेतान क्याम्पसमा आन्दोलन सुरु

मधेशदृष्टि
वीरगंज ।

हरि खेतान बहुमुखी क्याम्पसका प्राध्यापक तथा कर्मचारीहरूले आफ्ना विभिन्न माग सम्बोधन नभएको भन्दै आन्दोलन सुरु गरेका छन् ।

संयुक्त संघर्ष समितिको आह्वानमा बिहीबारदेखि क्याम्पस परिसरमा सामूहिक धर्ना कार्यक्रम सुरु गरिएको हो ।

समितिले जारी गरेको प्रेस विज्ञप्तिमा लामो समयदेखि उठाइँदै आएका मागप्रति क्याम्पस प्रमुख तथा व्यवस्थापन समितिले चरम उदासीनता र गैरजिम्मेवारी देखाएको आरोप लगाइएको छ । प्रशासनको बेवास्ताका कारण बाध्य भएर आन्दोलनमा उत्रिनुपरेको समितिको भनाइ छ ।

आन्दोलनरत पक्षले हाल लागू रहेको निजी विधान खारेज गर्न, सामुदायिक क्याम्पसको मर्मअनुसार नयाँ विधान लागू गर्न, क्युएए नवीकरण प्रक्रिया सुरु गर्न तथा विश्वविद्यालय अनुदानको अनुदान निरन्तरता कायम गर्न माग गरेका छन् ।

त्यस्तै, प्राध्यापकहरूको तलबमान तथा सुविधा त्रिभुवन विश्वविद्यालयको मापदण्डअनुसार लागू गर्न, वार्षिक ग्रेड, पदोन्नति, सञ्चय कोष तथा सामाजिक सुरक्षा कोषमा आबद्ध गराउनुपर्ने मागसमेत राखिएको छ ।

यसैगरी, सेवा निवृत्तिपछि उपदानको व्यवस्था, प्याकेज तथा ज्यालादारी प्राध्यापकलाई तलबमा रूपान्तरण, स्थायी नियुक्ति, तलबमा समानता, सन्तानको निःशुल्क शिक्षा तथा संचित बिरामी बिदाको रकम उपलब्ध गराउनुपर्ने लगायतका १७ बुँदे माग अघि सारिएको छ । साथै, क्याम्पस प्रमुख किशोरी रायले नैतिकताको आधारमा राजीनामा दिनुपर्ने माग पनि गरिएको छ ।

संयुक्त संघर्ष समितिले मागहरू यथाशीघ्र सम्बोधन नगरिए रिले अनसनदेखि आमरण अनसनसम्मका थप कडा आन्दोलनका कार्यक्रम सञ्चालन गर्ने चेतावनी दिएको छ । आन्दोलनबाट उत्पन्न हुने सम्पूर्ण परिस्थितिको जिम्मेवारी क्याम्पस प्रशासनले नै बहन गर्नुपर्ने समितिको चेतावनी छ ।

चोहर्वा ब्यारेकमा भूपू सैनिक सम्मेलन सम्पन्न



मधेशदृष्टि
जनकपुरधाम।

सिरहास्थित चोहर्वा ब्यारेकमा भूपू सैनिक सम्मेलन सम्पन्न भएको छ । ‘भूपू सैनिकको पुनर्मिलन, हिताधिकारीको कल्याण र कोषको दिगोपन’ भन्ने मूल नारासहित आयोजित सम्मेलनले पूर्वसैनिकहरूको एकता, सामाजिक सुरक्षा र कल्याणकारी कार्यक्रमलाई केन्द्रमा राखेको थियो।

श्री नन्दाबक्स गण उपसम्मेलन केन्द्रमा बिहानदेखि सुरु भएको कार्यक्रममा सिरहा र सप्तरी जिल्लाका करिब ४ सय ८० जना पेन्सनभोगी भूपू सैनिक तथा उनीहरूका आश्रित परिवारको उल्लेखनीय सहभागिता रहेको थियो । कार्यक्रम श्री नं. २७ वाहिनी अड्डाका वाहिनीपति सहायक रथी नारायण बहादुर थापाको प्रमुख आतिथ्यमा सम्पन्न भएको हो।

सम्मेलनका क्रममा सहभागी अधिकारीहरूसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो । यस क्रममा भूपू सैनिकहरूले आफ्ना समस्या, अपेक्षा र सुझाव राखेका थिए भने सम्बन्धित निकायले ती विषयमा आवश्यक पहल गर्ने प्रतिबद्धता जनाएको थियो।

कार्यक्रमकै अवसरमा अशक्त भूपू सैनिक तथा आश्रित परिवारलाई ४ थान ह्विलचियर, १ थान बैशाखी र १ थान ब्लाइन्ड स्टिक वितरण गरिएको छ। साथै, सैनिक कल्याणकारी निर्देशनालयबाट प्राप्त अन्य सहयोग सामग्रीहरू पनि सम्बन्धित लाभग्राहीलाई हस्तान्तरण गरिएको आयोजकले जनाएको छ ।आयोजकका अनुसार यस्तो सम्मेलनले भूपू सैनिकहरूको हकहित संरक्षण, आपसी सम्बन्ध सुदृढीकरण तथा कल्याणकारी योजनाहरूलाई थप प्रभावकारी बनाउने दिशामा महत्वपूर्ण योगदान पुग्याउने विश्वास गरिएको छ।

महोत्तरीमा विपद् व्यवस्थापन सुदृढ गर्न ११ बुँदे निर्णय



मधेशदृष्टि
जनकपुरधाम ।

जिल्ला विपद् व्यवस्थापन समिति महोत्तरीले नदी नियन्त्रण, पूर्वाधार सुरक्षा र मनसुन पूर्वतयारीलाई केन्द्रमा राख्दै ११ बुँदे महत्वपूर्ण निर्णय गरेको छ । बिहीबार बसेको बैठकले विपद् जोखिम न्यूनीकरण र प्रतिकार्य क्षमता अभिवृद्धिका लागि विभिन्न रणनीतिक कदम अघि सारेको हो ।

बैठकले रामगोपालपुर नगरपालिका–५ स्थित सरकारी कित्ता नं. ८१ मा रहेको करिब एक विगहा जग्गा आधारभूत अस्पताल निर्माणका लागि उपयोग गर्न सकिने निष्कर्ष निकालेको छ । उक्त जग्गा विपद् व्यवस्थापन प्रयोजनका लागि आवश्यक नरहेको ठहर गर्दै सरकारी जग्गा उपयोग तथा लिज कार्यविधि २०७९ अनुसार प्रक्रिया अघि बढाइने निर्णय गरिएको छ ।

नदीजन्य जोखिम न्यूनीकरणतर्फ बैठकले विशेष जोड दिएको छ । विशेषगरी रातु नदी क्षेत्रमा उत्तर–दक्षिण दुवैतर्फ तटबन्ध अभावका कारण उच्च जोखिम देखिएकाले आवश्यक तटबन्ध निर्माणका लागि सम्बन्धित निकायलाई अनुरोध गर्ने निर्णय गरिएको छ । साथै, बाढी नियन्त्रण तथा नदी व्यवस्थापनका लागि संघीय तहमा बजेट सिफारिस गर्ने तयारी पनि गरिएको छ ।

कमला–ढल्केबर–पथलैया सडक योजना (पूर्वी खण्ड) अन्तर्गत पुल आसपास नदीजन्य पदार्थ थुप्रिँदा पानीको बहाव अवरुद्ध भई जोखिम बढेको निष्कर्ष निकालिएको छ । यस समस्याको समाधानका लागि सम्बन्धित निकायसँग समन्वय गरी विस्तृत वातावरणीय अध्ययन गरेर अवरोध हटाउने निर्णय गरिएको छ ।सडक विस्तारका क्रममा देखिएका समस्या समाधानका लागि स्थानीय तह र वन कार्यालयले रुख कटान, विद्युत् पोल स्थानान्तरण तथा माटो आपूर्तिमा सहजीकरण गर्ने सहमति पनि गरिएको छ ।

विपद् जोखिममा परेका बस्तीहरूको सुरक्षालाई प्राथमिकतामा राख्दै आवश्यक परे तत्काल स्थानान्तरण प्रक्रिया अघि बढाउने, विद्यालयमार्फत पूर्वसूचना र जनचेतना कार्यक्रम सञ्चालन गर्ने तथा नियमित कृत्रिम घटना अभ्यास गर्ने निर्णयसमेत गरिएको छ ।

त्यसैगरी, स्थानीय तह, सुरक्षा निकाय, सञ्चार माध्यम र नागरिक समाजबीच समन्वय सुदृढ गर्दै जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । विपद् व्यवस्थापन कोषमा हाल २ करोड ४४ लाख रुपैयाँभन्दा बढी मौज्दात रहेको जानकारी दिँदै आवश्यक सामग्री आपूर्तिका लागि विभिन्न निकायसँग सहकार्य गर्ने निर्णय गरिएको छ । बैठकले जिल्ला तयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्ने जिम्मेवारी रतौली युवा क्लबलाई जिल्ला प्रमुख संस्थाका रूपमा प्रदान गर्दै २०८३ असार मसान्तभित्र योजना तयार गरी सार्वजनिक गर्ने लक्ष्य निर्धारण गरेको छ ।

यस्तै, मनसुन प्रतिकार्य योजना निर्माण, विपद् सामग्रीहरूको अद्यावधिक विवरण तयार पार्ने, आवश्यक थप सामग्रीको सूची बनाउने तथा स्थानीय र प्रदेश सरकारसँग समन्वय गर्ने निर्णय पनि गरिएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको निर्देशनअनुसार खुला क्षेत्र, हेलिप्याड, गोदामघर, एम्बुलेन्सलगायतका विवरण तीन दिनभित्र अद्यावधिक गर्ने, आपत्कालीन सम्पर्क बोर्ड राख्ने, स्वयंसेवक विवरण प्रणालीमा प्रविष्ट गर्ने र जोखिमयुक्त सडकहरूको पहिचान गर्ने कार्यलाई पनि प्राथमिकतामा राखिएको छ ।

समितिले समग्रमा विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन पूर्वतयारी, समन्वय र द्रुत प्रतिकार्य प्रणाली सुदृढ गर्नुपर्ने निष्कर्ष निकालेको छ ।

पर्सामा नागरिकतासँगै राष्ट्रिय परिचयपत्र

वीरगंज।

जिल्ला प्रशासन कार्यालय पर्साले आजदेखि नयाँ नागरिकता प्राप्त गर्नासाथ राष्ट्रिय परिचयपत्रका लागि ‘बायोमेट्रिक’ लिने व्यवस्था सुरुआत गरेको छ।

प्रमुख जिल्ला अधिकारी भोला दाहालले नयाँ नागरिकता लिने सेवाग्राहीलाई तत्कालै राष्ट्रिय परिचयपत्रको लागि ‘बायोमेट्रिक’ लिने व्यवस्था सुरुआत गरेको जानकारी दिए । ‘जिल्ला प्रशासन कार्यालयले नयाँ नागरिकता लिने सेवाग्राहीको लागि छुट्टै राष्ट्रिय परिचयपत्रको बनाउने स्टेशन थप गरेर बायोमेट्रिक लिने व्यवस्था गरेका छौँ,’ उनले भने, ‘यसअघि नागरिकता लिएपछि राष्ट्रिय परिचयपत्र बनाउनको लागि फेरि नयाँ प्रक्रियाबाट अघि बढ्दा सेवाग्राही दोहोरो आउनुपर्ने झन्झट हुने गथ्र्याे । अबदेखि भने नयाँ नागरिकता बनाउने सेवाग्राहीको तत्कालै राष्ट्रिय परिचयपत्र बन्ने वातावरण बनेको छ । यसले पक्कै पनि सेवाग्राहीलाई सेवा प्राप्त गर्न सहज हुनेछ।’

दाहालले नयाँ नागरिकता लिएका सेवाग्राहीले कम्तीमा १० मिनेटको समय दिएर ‘बायोमेट्रिक’ दिएपछि राष्ट्रिय परिचयपत्र पनि प्राप्त गर्न सक्नुहुनेछ।

पर्सा जिल्लाबाट दैनिक नयाँ नागरिकता लिने सेवाग्राहीको संख्या ५० देखि ६० जना रहेका छन् । यहाँ एकद्वार प्रणालीबाट नागरिकता र राष्ट्रिय परिचयपत्र वितरण हुँदै आइरहेको कार्यालयले जनाएको छ । दाहालले प्रतिलिपि नागरिकता लिनेको हकमा भने केही समयपछि मात्रै सो व्यवस्था कार्यान्वयनमा आउने दाबी गरे । रासस

जामुनी ब्यारेजमा ‘अटोमेसन गेट’ निर्माण सुरु

वीरगंज ।

बाराको जामुनी नदीमा निर्माणाधीन जामुनी ब्यारेजको हेडवक्स (बाँध) क्षेत्रमा ‘अटोमेसन गेट’ लगायतका संरचना निर्माण गरिने भएको छ ।

जामुनी ब्यारेजमा हेडवक्सलगायत संरचना तयार भए पनि गेटलगायत संरचना अधुरो रहेकाले सिँचाइ परियोजना सञ्चालनमा आउन सकेको थिएन ।

नारायणी सिँचाइ व्यवस्थापन कार्यालयका प्रमुख मनोजप्रसाद पटेलले हेडवक्सको अटोमेसन गेटलगायत संरचना निर्माणको काम अघि बढेको जानकारी दिऐ । ‘जामुनी ब्यारेजको हेडवक्सलगायत संरचना धेरै पहिला नै तयार भइसकेको थियो,’ उनले भने, ‘हेडवक्समा गेटलगायत संरचना नहुँदा सिँचाइको नहरले पूर्णता पाएको थिएन् । केही समय अघि बोलपत्र प्रक्रिया अघि बढेसँगै अब सिँचाइले पूर्णता पाउने आशा जगाएको छ ।’

नारायणी सिँचाइ व्यवस्थापन कार्यालयले जामुनीमा हेडवक्समा अटोमेसन गेटलगायत संरचना निर्माणका लागि विसं २०८२ असार २० गते निर्माण कम्पनीसँग १२ करोड १२ लाख तीन हजार ८ सय १७ लागतमा ठेक्का सम्झौता गरेको थियो । सो ठेक्का सम्झौताअनुसार हेडवक्सको अटोमेसन गेटलगायत संरचना निर्माण विसं २०८४ साउन २० गतेभित्र निर्माण सम्पन्न हुनुपर्नेछ । नारायणी सिँचाइ व्यवस्थापन कार्यालयका प्रमुख पटेलले हेडवक्सको अटोमेसन गेटलगायत संरचना तोकिएको समयभित्रै निर्माण सम्पन्न गर्नका लागि निर्माण व्यवसायीलाई निर्देशन दिएका छन् । निर्माण कम्पनीका प्रतिनिधि सुरेन्द्रकुमार जैसवालले अहिलेसम्म अटोमेसन गेटलगायत संरचना निर्माणको काम ३० प्रतिशत भएको जानकारी दिए । ‘हेडवक्सको गेटलगायतका संरचनाको निर्माणको काम भइरहेको छ,’ उनले भने, ‘ठेक्का सम्झौताअनुसार नै निर्माण सम्पन्न गर्ने लक्ष्य राखेका छौँ ।’ जामुनी सिँचाइबाट बाराको पूर्वी र रौतहटको गरेर करिब साढे नौ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ हुने बताइन्छ । सो नदीबाट ७५० क्यूसेक पानी वितरण गर्न सकिनेछ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन